१८ औँ वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१८ ।। अङ्क : ०१६ ॥ २०८२ फागुन ०३ गते आईतबार (15th Feb 2026 Sunday) **Pratidin** National Daily मूल्य-रु.५/-


# झापाको १२ ठाउँमा बम डिस्पोजल टोली तैनाथ



झापा, फागुन २। फागुन २१ गतेको निर्वाचनमा कुनै पनि आपराधिक घटना हुन नदिन झापाको १२ ठाउँमा नेपाली सेनाको बम डिस्पोजल टोली तैनाथ गरिने भएको छ।

निर्वाचन बिथोल्न आपराधिक तत्वहरुबाट हुन सक्ने अपराध रोक्नका लागि पूर्व तयारीस्वरुप जिल्लाको १२ ठाउँमा सेनाको बम डिस्पोजल टोली तैनाथ गरिने भएको हो। हाल जिल्लाका विभिन्न ६ ठाउँमा बम डिस्पोजल टोली तैनाथ भइसकेको र निर्वाचनको संघारमा अन्य ६ ठाउँमा बम डिस्पोजल टोली राखिने सुरक्षा स्रोतले जनाएको छ। संवेदनशील मानिएको चन्द्रगढी विमानस्थल र झापा कारागारमा बिहीवारदेखि नै सेना परिचालन गरिएको छ। विमानस्थल र कारागारमा एक-एकवटा नफ्री परिचालन गरिएको अरिदमन गणले जनाएको छ। त्यस्तै माघ २१ गतेदेखि सेनाले पैदल, सवारी साधनमार्फत र संयुक्तरुपमा गस्ती संचालन गरिरहेको छ। निर्वाचनको एक महिना अघिदेखि जिल्लाको चार ठाउँमा कम्पनी अपरेटिङ बेस (सीओबी) खडा गरी सुरक्षा प्रदान गरिरहेको छ। मेजरको कमाण्डमा झापा क्षेत्र नं ५ को सुरक्षाका लागि दमकमा, ४ को लागि सुरुङ्गामा, ३ को लागि चन्द्रगढीमा सीओबी खडा गरिएको हो भने क्षेत्र नं १ र २ को लागि अरिदमन गणबाटै सुरक्षा प्रदान भइरहेको छ। त्यसबाहेक जिल्लाको १६ ठाउँमा पोस्ट अपरेटिङ बेस (पीओबी) खडा गरिदैछ। जिल्लाका हरेक मतदान केन्द्रमा २० मिनेटभित्र पुग्ने गरी फौजलाई परिचालन गरिएको अरिदमन गणका प्रमुख सेनानी सरोज थापाले बताए।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि जिल्लामा मतदाता र मतदानस्थललाई भयरहित बनाउन सुरक्षा निकायले मतदानस्थलको तीन तहमा वर्गीकरण गरेको छ। जिल्लाका ९५ वटा मतदानस्थललाई अतिसंवेदनशीलका रुपमा राखिएको छ।

जिल्लामा रहेका २८५ मतदानस्थलमध्ये १४७ संवेदनशील र ४३ वटा मतदानस्थल सामान्य रहेका छन्। जिल्लामा ८१५ वटा मतदान केन्द्र छन्। निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्नका लागि करिव ८ सय सेना परिचालन गरिएको छ। चारआलीस्थित अरिदमन गणबाट ६ सय र २१ नं बाहिनी तोपगाछीबाट २ सय फौज परिचालन गरिएको हो।

# उम्मेद्वारलाई प्रश्न-कारागारको फोहोरको शिकार कहिलेसम्म ?’

लक्ष्मी उप्रेती

मेचीनगर। भद्रपुर नगरपालिका वडा नम्बर – ९ कारागार पूर्वका मतदाताहरुले अहिले मत माग्दैं घर-घर पुग्ने उम्मेद्वारहरुसँग कारागारबाट निस्कने मलमूत्रको फोहोरको प्रवन्ध गरिदिन आग्रह गर्ने गरेका छन्। कारागार प्रशासन र भद्रपुर नगरपालिकाले कारागारबाट निस्कने फोहोरको उचित व्यवस्थापन गर्न नसक्दा कारागार पूर्वतर्फका बासिन्दाहरु पीडित छन्। उनीहरुले आफूकहाँ मत माग्दै आउने उम्मेद्वारहरुसँग दुई दशकदेखि बेहोर्दै आएको यो पीडाबाट मुक्त गरिदिन आग्रह गर्ने गरेका हुन्।

झापाको निर्वाचन क्षेत्र नम्बर १ अन्तर्गत मेचीनगर नगरपालिकाको १५, भद्रपुर नगरपालिकाको ९ र १० गरी दुईवटा तथा बुद्धशान्ति गाउँपालिकाको



४,५,६, र ७ सहित चारगरी कुल २१ वटा वडा रहेका छन्।

शनिबार विहान मतदाताहरुसँगको भेटघाटमा पुगेका नेकपा एमालेका उम्मेद्वार रामचन्द्र उप्रेतीसमक्ष त्यस क्षेत्रका बासिन्दाहरुले कैदीबन्दीको मलमूत्रले बर्षौदेखि हैरान पारेको भन्दैं त्यस ठाउँको स्थलगत निरीक्षणसमेत गराए। कारागारभित्रका शौचालयबाट निस्कने फोहोरको उचित व्यवस्थापन नहुँदा स्थानीयवासी लामो समयदेखि समस्यामा परेको पीडा उम्मेद्वार उप्रेतीसमक्ष राखेका थिए। झापा जिल्ला कारागारबाट निस्कने ढलका कारण वरपरको वातावरण दुर्गन्धित बनेको उनीहरुको गुनासो छ।

स्थानीयका अनुसार त्यस क्षेत्रमा मत माग्दैं पुग्ने गरेका राजनीतिक दल वा स्वतन्त्र उम्मेद्वार सवैलाई यस्तै गुनासो गर्ने र स्थलगतरुपमा त्यस ठाउँको निरीक्षणसमेत गराउने गरेका छन्। झापा कारागारका कैदीबन्दीको मलमूत्रबाट निस्कने फोहोर पानीबाट दुई दशकदेखि पीडामा रहेको भन्दैं स्थानीयले उम्मेद्वारसमक्ष आक्रोशसमेत पोख्ने गरेका छन्। ‘यदि स्थानीयवासी वा सर्वसाधारणले खोला वा सार्वजनिक स्थलमा फोहोर फाल्दा कानूनले दण्ड जरिवाना गर्ने तर, कारागारबाट निस्कने फोहोर सर्वसाधारणका निजी जग्गामा पुग्दासम्म सम्बन्धित निकाय मौन बस्न मिल्दैन’ भद्रपुरका दधिराम काफ्लेले आक्रोश पोखे।

कारागार प्रशासक रेवन्त भट्टराईका अनुसार झापा कारागारमा सात सय ५० जना कैदीबन्दीको क्षमता भएपनि अहिले एक हजार पाँच सय ५८ पुरुष, ७८ महिला र एक जना आश्रित नाबालकसहित कुल एकहजार छ सय ३७ जना छन्। कारागारबाट दैनिक दुई हजारदेखि २५ सय लिटरभन्दा बढी मलमूत्रसहित फोहोर पानी निस्कने गरेको छ। त्यो फोहोर स्थानीयको खेतमा फाल्दा गाउँ नै दुर्गन्धित बनेको गुनासो स्थानीयको छ। फोहोर नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालय र भद्रपुर नगरपालिकालाई आग्रह गरेपनि सुनुवाई नभएको स्थानीयको भनाई छ।

कारागारका कैदीबन्दीले बिसर्जन गर्ने मलमूत्र गोबरग्याँसको ट्याङ्कीमा जाने गरेको र त्यसबाट निस्कने लेदो कारागार पूर्वको भागमा फालिने गरेको स्थानीयको भनाई छ। कारागारको मलमूत्र मात्र होइन, ढल पनि पूर्वतर्फको खेतमा फाल्दा मलमूत्रको दुर्गन्धले आफूहरु पीडामा रहेको स्थानीय टंक कट्वालले बताए। स्थानीयका अनुसार कारागारबाट बग्ने ढल नजिकैका निजी जग्गामा जम्दा खेतीयोग्य जमिन समेत प्रयोगविहीन छन्। तर, ती जमिनको कर भने जग्गाधनीले स्थानीय सरकारलाई बुझाइरहेका छन्। भिमनिधि न्यौपाने, चन्द्रमाया खड्का, रमेश वस्नेत, रुपा कठायत खडका, बालकुमार राई, भिष्म भट्टराई, विज्ञान राई, अर्पण राई, मिथिला दाहाल, कृष्णबाबु रिजाल, चुडामणि रिजाललगायत थुप्रै व्यक्तिको निक्कै जग्गा अहिले प्रयोगविहीन बनेको हो। धान, गहुँ तरकारी खेती हुँदै आएको उक्त जग्गामा अहिले एक प्रकारको जंगली वनस्पतिले भरिएको छ। त्यहाँ झण्डै पाँच विगाह जमिनमा बर्षौदेखि ढलको फोहोर जमिरहेकाले खेती गर्न नसकिएको पीडितहरुको भनाई छ।

अहिले त्यस क्षेत्रमा दुर्गन्धका कारण जान पनि नसक्ने अवस्था रहेको स्थानीयवासीको भनाई छ। ढलका कारण दुर्गन्धमात्र नभएर झिँगा र लामखुट्टेको प्रकोप बढेको छ। जसले विभिन्न खालका रोग फैलिने जोखिम बढेको छ। कारागार नजिकको टोल प्रत्यक्ष प्रभावित छन्।

स्थलगत निरीक्षणका कारण आफूले समस्याका बारेमा राम्ररी बुझेको उम्मेद्वार उप्रेतीले बताए। जसले यो समस्या भोगिरहेका छन्, उनीहरुमा आक्रोश हुनु स्वाभाविक पनि भएको उनको भनाई छ। ‘यहाँहरुको पीडालाई हामीले यहाँ आएर जति बुझ्यौ सोचेभन्दा धेरै पीडा स्थानीयमा रहेछ’ कुराकानी गर्दै उप्रेतीले भने, ‘यसको समाधान कसरी गर्न सकिन्छ, यसको प्रक्रियागत रुपमा वडा हुँदै नगरपालिकामा सामान्यरुपमा लिएर गएरमात्र समाधान हुँदैन।’ आफू यस क्षेत्रबाट विजयी भए स्थानीय सरकारलाई साथमा लिएर सम्बन्धित निकायको ढोकासम्म पुग्ने उनले प्रतिवद्धता व्यक्त गरे।

कारागार प्रशासक भट्टराईले विकासका मोडेल नभएका कारण समस्या आएको बताए। दिर्घकालीनरुपमा यसको समाधानको पहल भइरहेको उनले बताए। यसको उचित व्यवस्थापनका लागि सघन शहरी भवन निर्माण आयोजना कार्यालय भद्रपुरमा तीन करोड रुपैयाँ विनियोजन भएपनि रकम रोक्का भएको कार्यालयले जानकारी गराएको कारागार प्रशासक भट्टराईले बताए। कारागारको फोहोर व्यवस्थापन गर्ने जिम्मा स्थानीय प्रशासनको भएको र केही समयअघि समस्या समाधान हुने आश्वासन पाए पनि अहिलेसम्म काम नभएका कारण स्थानीयवासी आक्रोशित बनेका छन्।

# लागूऔषधसहित भद्रपुरमा पाँचजना पक्राउ

झापा, फागुन २।

लागूऔषध ब्राउनसुगरसहित भद्रपुरमा पाँचजना पक्राउ परेका छन्। पक्राउ पर्नेहरुमा भद्रपुर वडा न. ८ सगरमाथा बस्ने बर्ष २८ का कृष्ण राजवंशी, सोही ठाउँ बस्ने बर्ष १८ का निशान मोहमद, बर्ष १९ का इमरान मोहमद, बिर्तामोड ३ बस्ने बर्ष २१का निशान चौधरी र भद्रपुर १० बस्ने बर्ष २४ का मोहमद जाहित रहेका छन्। शनिवार दिउँसो




३:४० बजे भद्रपुर .८ सगरमाथा चोकमा लागूऔषध सेवन गरिरहेको भन्ने गोप्य सूचनाको आधारमा वडा प्रहरी कार्यालय भद्रपुरबाट प्रहरी निरीक्षक मोतिलाल योन्जन तामाङको कमाण्डमा प्रहरी टोली खटिएको थियो। सोही ठाउँ बस्ने जगतबहादुर मगरको घर भाडा लिई बस्ने निशान मोहमदसहित ५ जनाले लुकिछिपि लागूऔषध सेवन गरिरहेको अवस्थामा उनीहरुको साथबाट प्लाष्टिकसहित १० ग्राम ३८० मिलिग्राम र प्लाष्टिकबाहेक ९ ग्राम ५८० मिलिग्राम ब्राउन सुगर बरामद भएको हो। कृष्ण राजवंशीको नाममा रहेको मे १० प ३८ ७१ न.को मोटरसाइकलसहित नियन्त्रणमा लिई उनीहरुलाई वडा प्रहरी कार्यालय भद्रपुरबाट थप अनुसन्धान तथा कानुनी कार्बाहीको लागि जिल्ला प्रहरी कार्यालय झापा ल्याइएको प्रहरीले जनाएको छ।

# शिवरात्रिमा गरगहना लगाएर मन्दिर नजान प्रहरीको अनुरोध

काठमाडौँ। प्रहरीले महाशिवरात्रि पर्वका अवसरमा पशुपतिनाथको दर्शनार्थ सहभागी हुने भक्तजन तथा सामानको सुरक्षाका लागि १३ बुँदे अनुरोध जारी गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका



प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले गरगहना लगाएर नआउनेसहित विभिन्न १३ बुँदे अनुरोध जारी गरिएको जानकारी दिए।

उनका अनुसार चोरी तथा लुटपाटका घटना हुनसक्ने भएकाले बहुमूल्य गरगहना नलगाउन, महत्वपूर्ण र महँगो सरसामान लिएर नआउन अनुरोध गरिएको हो।

मन्दिरमा झोला नल्याउन, पशुपति क्षेत्रको मापदण्ड बमोजिमप्लास्टिकका झोला, कप, प्लेटलगायत सामग्रीको प्रयोग निषेध गरिएकाले निषेधित सामानको प्रयोग नगर्न, दूध, गङ्गाजललगायत सामग्रीका लागि फुट्ने काँच (सिसा)का भाँडा प्रयोग नगर्न पनि अनुरोध गरिएको प्रहरी उपरीक्षक भट्टराईले बताए।

प्रहरीले भक्तजनको सुविधाका


❖ बाँकी तेस्रो पृष्ठमा


# ओलीलाई मत दिनुपर्ने एमालेको ३५ कारण

झापा। नेकपा एमालेले अध्यक्ष केपी शर्मा ओलीलाई मत हाल्नै पर्ने ३५ वटा कारण अघि सारेको छ। पार्टीको झापा-५ क्षेत्रीय कमिटीले प्रकाशन गरेको अपिलमा राष्ट्रिय स्वाधीनताको रक्षादेखि शिक्षक दरबन्दी मिलानसम्मका विषयहरू समेटिएको छ। अध्यक्ष ओलीलाई नै भोट किन भन्ने शीर्षकको अपिलमा खस्किएको मनोबल उठाउनका लागि ओलीलाई जिताउनु पर्ने उल्लेख गरिएको छ। ‘देशमा छाएको त्रासको वातावरण अन्त्य गरी सबै नेपालीलाई शान्ति सुरक्षाको ग्यारेन्टी गर्नका लागि ओलीलाई मत दिनु पर्दछ’ अपिलमा भनिएको छ, ‘झापा-५ मा सुरु गरिएका विकासका अधुरा योजनाहरुलाई सम्पन्न गर्नका लागि केपी ओलीलाई मत दिन अपिल गरिन्छ।’

एमालेको अपिलमा नवयुवालाई प्राविधिक शिक्षा उपलब्ध गराई युवामा सीपमुलक विकास गर्दै स्वरोजगार अभिवृद्धिका लागि ओलीलाई मतदान गर्न आह्वान गरिएको छ। ओलीलाई जिताएर सुस्ताएको अर्थतन्त्र चलायमान बनाउन र कृषि क्षेत्रको विकास गरी खाद्यान्नमा आत्मनिर्भर बनाउन पनि केपी ओलीको आवश्यकता रहेकाले ओलीलाई मतदान गर्न अनुरोध गरिएको छ।

निर्माणाधीन एसियन हाइवे, मध्यपहाडी राजमार्ग, मदन भण्डारी राजमार्ग र हुलाकी सडकका अधुरो



निर्माण सम्पन्न गर्नका लागि पनि ओलीलाई मतदान गर्न आह्वान गरिएको छ। यसैगरी दमकको मुख्य आर्थिक र मानवीय स्रोतको रुपमा रहेको दमक-रवि सडक-चिसापानी सडक निर्माण सम्पन्न गरी जनताको जीवनस्तर उकास्नका लागि पनि अध्यक्ष ओलीलाई निर्वाचित गर्न माग गर्दै एमालेले अपिल जारी गरेको छ।

‘नेपाल-चीनमैत्री औद्योगिक पार्क निर्माण कार्य सम्पन्न गर्न ओलीलाई यस क्षेत्रबाट निर्वाचित गर्नु पर्दछ’ अपिलमा भनिएको छ, ‘दमक, गौरादह र गौरीगञ्ज बजारलाई आधुनिकीकरण गर्दै स्मार्ट सिटीको रुपमा विकास गर्नका लागि ओलीलाई मतदान गर्नु पर्दछ।’

एमालेले भूमिहीन, दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका समस्या समाधान गर्न पनि एमालेले ओलीलाई मतदान गर्नका लागि अनुरोध गरेको छ। एमालेका केन्द्रीय सदस्य दिपक कार्कीका अनुसार रतुवा, मावा, कमललगायतका खोलाको तटबन्ध कार्य पुरा गर्नका लागि पनि ओलीलाई जिताउन आम मतदातासँग आह्वान गरिएको हो।

यसैगरी दमक, गौरादह र गौरीगञ्जका सबै स्थानीय तहका अस्पतालमा सहज सेवा विस्तारका लागि पनि ओलीलाई मत दिन आह्वान गरिएको कार्कीले बताए। ‘केपी ओली र झापा ५ एकअर्काका परिपुरक हुन्’, कार्कीले भने, ‘उहाँले गरेका विकास निर्माणका काम, उहाँले प्रत्यक्ष रुपमा चिनेका मतदाता, भूमिगतकालमा बसेका सेल्टरदाताहरुसँगको सामिप्यताले उहाँले चुनाव सहजै जित्नु हुन्छ।’

कार्कीका अनुसार पार्टीले मतदातालाई अध्यक्ष ओलीलाई स्मरण गराउनका लागि अपिल जारी गरिएको हो। ‘अपिलमा मुख्य-मुख्य विषयहरु समेटिएकाले घरदैलोमा गएका पार्टीका कार्यकर्तालाई पनि मतदातालाई कुरा बुझाउन सजिलो सामग्रीको रुपमा पनि प्रयोग भएको छ’, कार्कीले भने, ‘यस्तो अपिल परिवार संख्याका आधारमा एउटा वडामा कम्तीमा १५ सय वटा बाँडिन्छन्।’

## दिदीबहिनीबीच कपाल लुछालुछ हुँदा एकजनाको मृत्यु

झापा, फागुन २ । इलाममा दिदीबहिनीबीच कपाल लुछालुछ हुँदा एक महिलाको मृत्यु भएको छ ।

शुक्रवार दिउँसो २:५५ बजे इलाम फाकफोकथुम गाउँपालिका १ ठिङ्गेपुर बस्ने खम्बसिंह लिम्बूकी छोरी बर्ष २९ की अन्जली लिम्बू र उनका काका सोही ठाउँ बस्ने खेमबहादुर लिम्बुकी छोरी बर्ष ३७ की पुष्पा लिम्बूबिच घरायसी विवादका कारण झगडा भएको थियो । त्यसक्रममा कपाल लुछालुछ हुँदा अन्जली लिम्बूको मृत्यु भएको हो ।

इलाका प्रहरी कार्यालय मंगलबारे इलामबाट शवको कानुनी प्रकृया पुरा गरि पोष्टमार्टमको लागि जिल्ला अस्पताल इलाम हुँदै शनिवार दिउँसो १२:२५ बजे एम्बुलेन्सद्वारा वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको छ ।

झगडामा संलग्न पुष्पा लिम्बूलाई नियन्त्रणमा लिई इप्रका मंगलबारेमा ल्याई राखिएको र थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

## बालुवाटारधाममा दुई दिवसीय शिव चर्चा सत्संग

कुमरखोद, फागुन २ । झापा गाउँपालिका-२ बालुवाटारधाममा शनिवारबाट दुई दिवसीय धार्मिक कार्यक्रम 'शिव चर्चा सत्संग' सुरु भएको छ। जगतगुरु शंकराचार्य हेमानन्द गिरीको प्रमुख आतिथ्यतामा सत्संग उद्घाटन भएको हो।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि शंकराचार्य हेमानन्द गिरीले धर्म, संस्कार र आध्यात्मिक चेतनाले समाजलाई एकताबद्ध बनाउने बताइन्। उनले भनिन्, "मानव जीवनलाई सही मार्गमा अघि बढाउन धर्मको मार्गदर्शन आवश्यक हुन्छ। शिव तत्व आत्मशुद्धि, सहिष्णुता र सद्भावको प्रतीक हो। समाजमा बढ्दो विकृति र असहिष्णुतालाई अन्त्य गर्न सत्संग र धार्मिक शिक्षाको विस्तार अपरिहार्य छ।" उनले युवापुस्तालाई संस्कृति र सनातन परम्पराप्रति जागरूक हुन आग्रह गर्दै धर्मलाई व्यवहारमा उतार्नुपर्ने धारणा राखिन्। "धर्म केवल मन्दिरभित्र सीमित विषय होइन, यो जीवन जिउने पद्धति हो," उनले भनिन्।

सत्संगमा कथावाचक साध्वी तारा दाहालले शिव महिमा सम्बन्धी प्रवचन गर्ने भएकी छन् । कार्यक्रममा कोशी प्रदेश सांसद लख्खीकुमारी गणेश, गौरीगंज गाउँपालिकाका अध्यक्ष फुलवती राजवंशी, झापा गाउँपालिकाका कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलिया, झापा क्षेत्र नं. ४ का प्रत्यक्ष उम्मेदवार देउकुमार थेवे, वडा नं. २ का अध्यक्ष हिमालकुमार चम्लागाई , विश्व हिन्दु परिषद झापा गाउँपालिका अध्यक्ष ज्ञाननाथ उप्रेतीलगायत जग्गादाता, समाजसेवी व्यक्तित्व तथा स्थानीयवासीको उपस्थिति रहेको थियो।

जागेश्वर शिव पाञ्चायन मन्दिरका अध्यक्ष डेम्रा हेमरमको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य सचिव भीम घोर्सानेले गरेका थिए भने कार्यक्रमको संचालन मोहन घिमिरेले गरेका थिए । आयोजकका अनुसार सत्संगमा भजन-कीर्तन, धार्मिक प्रवचन तथा आध्यात्मिक चर्चा हुने छ ।

## लागूऔषधसहित कन्काईका एक युवक पक्राउ

झापा, फागुन २ । लागूऔषध ब्राउन सुगरसहित कन्काईका एक युवक पक्राउ परेका छन् ।

शुक्रवार दिउँसो १२:०५ बजे कनकाई - ८ बालुवाटारमा इलाका प्रहरी कार्यालय बिर्तामोडबाट प्रहरी निरीक्षक प्रबिण श्रेष्ठको कमाण्डमा खटिएको टोली र लागूऔषध ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी नायव निरीक्षक सोमेश लामिछानेको



टोलीले बालुवाटार रिसोर्ट अगाडि घर भई बस्दै आएका बर्ष २९ का अजय

राजवंशीलाई पक्राउ गरेको हो । शंका लागेर चेकजाँच गर्दा कोठाबाट रातो रंगको सानो बट्टाभित्र कालो रंगको प्लाष्टिकमा लुकाई राखेको अबस्थामा प्लाष्टिकसहित ३ ग्राम १२० मिलिग्राम र प्लाष्टिकबाहेक २ ग्राम ४७० मिलिग्राम ब्राउन सुगर फेला परेको थियो । उनलाई नियन्त्रणमा लिई इप्रका बिर्तामोडमा ल्याई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पत्रकार महासंघ झापालाई ५१ हजार नगदसहित सम्मान

झापा, फागुन २। पत्रकारको दीगो हितमा उत्कृष्ट कार्य गरेको भन्दै नेपाल पत्रकार महासंघ झापा शाखालाई नगद ५१ हजारसहित यस वर्षको श्री भरत भुर्तेल स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिएको छ । पत्रकार महासंघ झापा शाखाले २०८१ बैशाख ३ गते एक करोड ११ लाख ११ हजार एक सय ११ रुपैयाँको पत्रकार सहारा उपचार अक्षयकोष घोषणा गरी पत्रकारको सामाजिक सुरक्षामा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै सम्मान गरिएको हो ।

शनिबार इलामको रोङ गाउँपालिका-५ इरौंटार, पाखागाउँमा आयोजित समारोहका बीच पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीलाई उक्त सम्मानपत्र तथा नगद पुरस्कार प्रदान गरिएको हो ।

पवित्रा-भेषराज खतिवडा स्मृति प्रतिष्ठान बुद्धशान्ति-५द्वारा आयोजित कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ पत्रकार तीर्थ कोइराला, प्रतिष्ठानका अध्यक्ष छविलाल खतिवडा, भुर्तेल परिवारका सदस्यहरुले सामूहिक रुपमा पत्रकार महासंघलाई उक्त सम्मान प्रदान गरेका थिए । 'पत्रकारिताको क्षेत्रमा समर्पित यस संस्थाले अत्यन्त सराहनीय कार्य गर्दै नेपाल पत्रकार महासंघ झापालाई कोसेढुंगाको रुपमा स्थापित गर्न सफल रहेकोले श्री पवित्रा-भेषराज खतिवडा स्मृति प्रतिष्ठानद्वारा स्थापित नवौं श्री भरत भुर्तेल स्मृति पत्रकारिता पुरस्कार २०८२ द्वारा सम्मानित एवम् पुरस्कृत गर्न पाउँदा हामी गौरवान्वित छौं' -सम्मान पत्रमा भनिएको छ । २०४६ साल पुष ९ गते स्थापित पत्रकार महासंघ झापाले समाजलाई सु-सूचित गर्दै पत्रकारहरुको भलाइको निम्ति महत्वपूर्ण कार्य गर्दै आएको भन्दै कार्यक्रममा प्रशंसा गरिएको थियो । पत्रकारिताको क्षेत्रमा कार्यरत पत्रकारहरु बिरामी तथा घाइते हुँदा उपचार



खर्च, सुत्केरी राहत, सदस्यका परिवारमा मरिमराउ हुँदा सरहे सहयोग तथा ६५ वर्ष माथिका ज्येष्ठ पत्रकारलाई उक्त अक्षयकोषको ब्याजबाट वार्षिक वृत्ति प्रदान गरिँदै आएको महासंघ झापाका अध्यक्ष गिरीले जानकारी दिए । अध्यक्ष गिरीका अनुसार उक्त पुरस्कार रकमसहित कोषमा अब एक करोड २० लाख ५१ हजार रुपैयाँ पुगेको छ ।

उक्त कार्यक्रममा नगद ५१ हजारसहित रोङ गाउँपालिकाका अध्यक्ष मणिकुमार साङ्वो सुवासलाई छत्र खतिवडा स्मृति प्रथम सिर्जनशील पुरस्कार प्रदान गरिएको थियो । त्यस्तै पवित्रा-भेषराज खतिवडा स्मृति सामुदायिक विद्यालय स्तरीय शैक्षिक पुरस्कार समेत वितरण गरियो । जस अन्तर्गत उत्कृष्ट विद्यालयको रुपमा नगद ७५ हजारसहित मेचीनगर-१३ चारआलीस्थित शहीद दशरथ चन्द माविलाई सम्मान गरियो । विद्यालयका प्रधानाध्यापक लेखनाथ पौडेलसहित विद्यालयको टिमले सम्मानपत्र ग्रहण गरेका थिए । उत्कृष्ट शिक्षक पुरस्कार शान्ति आदर्श माविका प्रधानाध्यापक पूर्णबहादुर राईलाई प्रदान गरियो भने उत्कृष्ट विषयगत शिक्षक पुरस्कार मेचीनगर-११ स्थित बलभद्र जनता माविका विज्ञान विषयका शिक्षक देवीप्रसाद खतिवडालाई प्रदान गरियो ।

प्रतिष्ठानले लोपोन्मुख जाति छात्रवृत्तितर्फ शान्ति आदर्श माविमा कक्षा ११ मा अध्ययनरत सोनाम लाप्चा र विनिशा लाप्चालाई पुरस्कृत गऱ्यो । त्यस्तै ०८१ सालको एसइईमा सर्वोत्कृष्ट जिपिए प्राप्त गर्ने धुलाबारी माविका सभियन प्रधान र कृषा ओझालाई पुरस्कृत गरियो । उक्त पुरस्कारको राशि जनही सात हजार पाँच सय रहेको छ ।

प्रतिष्ठानका अध्यक्ष छविलाल खतिवडाको अध्यक्षतामा भएको कार्यक्रममा परिवारका ज्येष्ठ सदस्यको रुपमा रामप्रसाद खतिवडा (८२)लाई सम्मान गरिएको थियो । छनौट समितिका सदस्य शिवकुमार पौडेलले शैक्षिक पुरस्कारहरुको घोषणा गरेका थिए । अग्रज पत्रकार चन्द्र भण्डारीको संयोजकत्वमा सदस्यहरु शिवकुमार पौडेल, जय भण्डारी र शिरो सान्दाइ रहेको छनोट समितिले पुरस्कृत प्रतिभा र संस्थाको छनोट गरेको पत्रकार दिपेन्द्र पौडेलले जानकारी दिए ।

कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ पत्रकार कोइरालाले समाजमा सफल व्यक्ति र संस्थालाई सम्मान गर्ने संस्कारको थालनी गरेर प्रतिष्ठानले प्रेरणादायी काम गरेको भन्दै प्रशंसा गरेका थिए । कार्यक्रममा संस्थाका संरक्षक शारदाप्रसाद शर्मा, पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, रोङ गाउँपालिकाका अध्यक्ष मणिकुमार स्याङ्बो, गाउँपालिका उपाध्यक्ष विष्णुमाया भुजेललगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन प्रतिष्ठानका सचिव तथा ज्येष्ठ पत्रकार शिरो सान्दाइ खतिवडाले गरेका थिए । कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तिहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

## दुर्घटनामा एकको मृत्यु, पाँच घाइते

झापा, फागुन २ । झापामा सवारी दुर्घटना न्यूनीकरण हुन सकेको छैन । दिनहुँ बढ्दो संख्यामा दुर्घटना हुँदा लगातार मानवीय क्षति हुँदै आएको छ । यसक्रममा अर्जुनधारामा मोटरसाइकल चलाउँदा चलाउँदै विरामीले च्यापेपछि लडेर चालकको मृत्यु भएको छ ।

शुक्रवार साँझ ६:५० बजे अर्जुनधारा- ८ बौद्ध गुम्बानजिकै अर्जुनधारा-८ बस्ने ३२ वर्षीय



साजन गुरुङको मोटरसाइकलबाट लडेर मृत्यु भएको हो । प्र१-०१-०१६प ८८६४ न. को मोटरसाइकल आफैले चलाएर प्रणामी मन्दिरबाट शनिश्चरेतर्फ जाँदै गर्दा स्वास्थ्यमा असहज भई रोक्ने क्रममा उनी लडेर बेहोस भएका थिए ।

उपचारको लागि शनिश्चरे अस्पताल पठाइएकोमा त्यहाँ संभव नभएपछि थप उपचार गर्न बीएण्डसी अस्पताल बिर्तामोड पठाइएकोमा चेकजाँच गर्ने क्रममा डाक्टरले मृत घोषणा गरेका थिए । मृतकको लास बीएण्डसी अस्पतालमा रहेको छ । उनलाई प्रेसर सम्बन्धी समस्या रहेको बुझिएको छ । त्यस्तै काठको गोलिया बोकेको ट्रक बुद्धशान्तिमा पल्टिदा चारजना गंभीर घाइते भएका छन् ।

शनिवार दिउँसो ३ बजे बुद्धशान्ति ५ गढीगाउँस्थित भित्री सडकखण्डमा ठुटेबरबाट मंगलबारेतर्फ जाँदै गरेको गोलिया बोकेको ना.६ ख.७९५४ न.को ट्रक आफै अनियन्त्रित भई रोडको बायाँ साईडमा पल्टिएको हो । दुर्घटनामा घाइते हुनेहरुमा ट्रक चालक अर्जुनधारा १० बस्ने बर्ष ४० का अनुकुमार चौधरी (छाती र टाउकोमा चोट अवस्था मध्यम) , सोही ठाउँ बस्ने बर्ष २८ का मुकेश मगर (दाहिने हात र दाहिने खुट्टामा चोट अवस्था मध्यम) , बर्ष ३० का अमिर तामाङ (टाउको, देब्रे खुट्टा र नाकमा चोट बोल्न नसक्ने अवस्था गम्भीर) र बर्ष २२ का राकेश तामाङ (देब्रे खुट्टा र चिउँडोमा चोट बोल्न नसक्ने अवस्था गम्भीर) रहेका छन् । चारैजना घाइतेको बिर्तासिटी अस्पताल बिर्तामोडमा उपचार भइरहेको छ । ट्रकमा लोड अनलोडको काम गर्ने मानिसहरु घाइते भएका हुन् । ट्रक घटनास्थलमा नै रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

त्यस्तै स्कुल बसको ठक्करबाट बुद्धशान्तिमा एक पैदलयात्री घाइते भएका छन् ।

शुक्रवार साँझ ५ बजे बुद्धशान्ति वडा न.-१बुधबारे चौकनजिक भित्री सडकखण्डमा बुधबारेबाट त्रिवेणी चोकतर्फ जाँदै गरेको मे. १क. ५०७ नम्बरको बाल्मीकि एजुकेशन फाउण्डेशन बिर्तामोडको स्कुल बसले पैदलयात्रीलाई ठक्कर दिएको हो ।ठक्करबाट पैदलयात्री बुद्धशान्ति वडा न.-३ शितल बस्ती बस्ने अन्दाजी बर्ष ७० का मातृका सम्याङ घाइते भएका छन् । उनको बिर्तासिटी अस्पताल बिर्तामोडमा उपचार भइरहेको छ । बस चालक बिर्तामोड -१बस्ने बर्ष ५२का रामबहादुर राई र बस इलाका प्रहरी कार्यालय बुधबारेको नियन्त्रणमा रहेको छ ।

# प्रदेश खारेजी र बन्दहडताल नगर्ने राप्रपाको संकल्प

झापा , फागुन २ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले प्रतिनिधिसभा निर्वाचनका लागि चुनावी संकल्प-पत्र( घोषणा पत्र) सार्वजनिक गरेको छ ।

पार्टी केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा अध्यक्ष राजेन्द्र लिङ्देनले संकल्प-पत्र पढेर सार्वजनिक गरेका हुन् ।

राप्रपाले शासकीय स्वरूपअन्तर्गत अभिभावकीय संस्थाका रुपमा राजसंस्थालाई अघि सारेको छ । वर्तमान खर्चिलो र अस्थिर निर्वाचन प्रणालीमा व्यापक परिवर्तन र सुधारको मागसहित प्रदेशको खारेजी, केन्द्र र बलियो स्थानीय तह भएको दुई तहको शासकीय संरचनाको कल्पना राप्रपाले गरेको छ ।

सर्वधर्म समभाव पूर्ण धार्मिक स्वतन्त्रता सहितको वैदिक सनातन धर्म सापेक्ष हिन्दु राष्ट्रलाई शासकीय स्वरुपमा मानेको राप्रपाले गैरदलीय स्थानीय तहको समेत परिकल्पना गरेको छ ।

'बरु नष्ट हुन्छौं, भ्रष्ट हुँदैनौं' भन्ने नारासहित राप्रपाले उच्चस्तरीय नागरिक आयोग गठन गरी २०४६ पछिका उच्चपदस्थ नेता तथा कर्मचारीहरुको सम्पत्ति छानबिन गरी अवैध सम्पत्ति जफत गर्ने कानुनी व्यवस्था मिलाउने संकल्प-पत्रमा प्रतिबद्धता जनाएको छ । भ्रष्टाचारसम्बन्धी सूचना दिनेलाई संरक्षण तथा प्रोत्साहन गर्न सूचक संरक्षण ऐन बनाई लागू गर्ने पनि संकल्प-पत्रमा उल्लेख छ ।

राजनीतिक हस्तक्षेपमुक्त संवैधानिक नियुक्तिको व्यवस्था, न्यायपालिकामा देखिएको विकृति र विसंगति अन्त्य गर्न गुमेको विश्वसनीयता पुनर्स्थापित गर्न र पूर्ण न्यायिक बनाउन न्यायपालिकामा पुनर्संरचना/पुनर्नियुक्तिको व्यवस्थासमेत उल्लेख छ ।



पाँच वर्षभित्र आर्थिक वृद्धि दर ७ प्रतिशतभन्दा माथि पुऱ्याउने, प्रत्यक्ष वैदेशिक लगानीकर्तालाई लगानीमैत्री वातावरणमा विश्वस्त तुल्याउन लगानी मैत्री कानुन निर्माण गर्ने, सार्वजनिक खर्च प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाई थप मितव्ययी र पारदर्शी बनाइने राप्रपाको संकल्प छ ।

यस्तै, आधारभूत स्वास्थ्य उपचार सेवा सबै नागरिकलाई निःशुल्क तथा अनिवार्य गरिने, आम नागरिकले आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित हुनुपर्ने र अस्पतालको मुख देखै नपाएर मर्नुपर्ने अवस्थाको अन्त्य गरिने संकल्प-पत्रमा उल्लेख छ ।

राप्रपाले 'नेपाल बन्द सधैंका लागि बन्द' उद्घोष पनि गरेको छ । नेपाल बन्दको संस्कृतिले देशको आर्थिक विकासका साथै सामाजिक जनजीवनमा अत्यन्तै नकारात्मक प्रभाव पारेको तथ्यलाई दृष्टिगत गर्दै राप्रपाले नेपाल बन्द जस्तो कार्यक्रम कहिल्यै नगर्ने प्रतिवद्धता व्यक्त गरेको हो । स्वास्थ्य, हवाई, खानेपानी, विद्युत, ग्यास तथा पेट्रोलियम पदार्थ ढुवानी तथा वितरण लगायत विभिन्न औद्योगिक क्षेत्रमा हड्ताल गर्न पूर्णरुपमा प्रतिबन्ध लगाइने राप्रपाको संकल्प पत्रमा उल्लेख छ ।

पार्टी अध्यक्ष लिङ्देनले आगामी निर्वाचनको लागी पार्टीले तयार गरेको घोषणापत्रमा कार्यान्वयन गर्न सकिने संकल्प मात्रै गरिएको बताएका छन्। घोषणापत्र जारी गर्दै उनले शतप्रतिशत कार्यान्वयन गर्न सकिने प्रतिबद्धताहरू मात्रै समावेश गरिएको बताएका हुन्। पार्टीले पूर्ण बहुमत हासिल गर्ने विश्वासका साथ आफ्नो घोषणापत्र तयार पारेको उनले बताए।

'हामीले सबै कुरा निःशुल्क गर्ने खालको वितरणमुखी कुरा गरेका छैनौँ, हामीले नेपालको अर्थतन्त्रलाई कसरी मजबुत गर्न सकिन्छ, आयातलाई कसरी प्रतिस्थापन गर्न सकिन्छ, रोजगारी कसरी अभिवृद्धि गर्न सकिन्छ, राजश्वमा कसरी वृद्धि गर्न सकिन्छ, भन्ने कुराहरुलाई आधार बनाएर लेखिएको छ। सबै विषयहरु यथार्थमा आधारित भएर बनाएको हुनाले हामीले हाम्रो बाचा कार्यन्वयन गर्नको लागि न वैदेशिक ऋण लिनुपर्छ, न कर बढाउनुपर्छ । भएकै अर्थतन्त्रलाई व्यवस्थित गर्ने र यसको दायरा बढाउने हो भने हामीले संकल्प गरेका कुराहरु जलविद्युत, कृषि र जडीबुटीको माध्यमबाट नेपाललाई समृद्ध बनाउन सकिने उनको भनाइ छ।

## चारपटकको विजेता आर्मी सेमिफाइनलबाटै बाहिरियो

बिर्तामोड, फागुन २ । विदेशी खेलाडी चम्किँदा मछिन्द्र फुटबल क्लबले चारपटकको झापा गोल्डकप विजेता त्रिभुवन आर्मी फुटबल क्लबलाई ४-० ले पराजित गर्दै फाइनल प्रवेश गरेको छ । मछिन्द्रका स्ट्राइकरसमेत रहेका विदेशी खेलाडी




जोनाथन जोरिल्लाको ह्याट्रिक मद्दतमा मछिन्द्र फाइनलमा प्रवेश गरेको हो । मछिन्द्रले उपाधिका लागि सशस्त्र प्रहरीको एपिएफ फुटबल क्लबसँग प्रतिस्पर्धा गर्नेछ । डोमालाल राजवंशी रंगशालामा शनिवार भएको दोस्रो सेमिफाइनल खेलको चौथो मिनेटमै मछिन्द्रले अग्रता लियो । मछिन्द्रका लागि जोनाथन जोरिल्लाले गोल गरे । अयोला हमजातको क्रस पासमा डिबक्समा अनमार्क रहेका जोरिल्लाले वान टचमा गोल गरेका थिए ।

खेलको २४ औं मिनेटमा मछिन्द्रले पेनाल्टी पायो । जोरिल्लाको फ्रिकिक प्रहारमा आर्मीका खेलाडीको डिबक्समा ह्यान्डबल भएपछि मछिन्द्रले पेनाल्टी पाएको थियो । उनै जोरिल्लाले पेनाल्टीलाई सदुपयोग गर्दै अग्रता दोब्बर बनाए ।

पहिलो हाफमा मछिन्द्रले २-० को अग्रता लिएपछि दोस्रो हाफमा आर्मी दबाबमा परेको थियो । मछिन्द्रले खेलको ५२ औं मिनेटमा अर्को गोल थपेर खेलमा जित सुनिश्चित गरेको थियो । आर्मीका डिफेन्डरले क्लियर गर्न नसकेको बललाई प्रदिप बुढाथोकीले डिबक्समा पास मिलाइदिएका थिए । सो बललाई जोरिल्लाले पोष्टको दिशा दिएका थिए ।खेलको अतिरिक्त समयमा मछिन्द्रका सब्स्टिच्युट खेलाडी रेजिन सुब्बाले एक गोल थपे । मैदानको मध्यभागमा पाएको बललाई आर्मीका दुई डिफेन्डरलाई बिट गरेर उनले एकल प्रयासमा गोल गरेका हुन् ।खेलको १७ औं मिनेटमा सौरभ लिम्बू र अतिरिक्त समयमा अभिषेक स्याङतानले सदुपयोग गर्न नसक्दा गोल अन्तर बढाउने मौका गुमाएको थियो ।

मछिन्द्रसामु आर्मीको प्रदर्शन फितलो रह्यो । खेलको नवौं मिनेटमा डिबक्समा रहेका आर्मीका नविन लामाको फ्रिहेडर बारमाथिबाट बाहिरियो । ७० औं मिनेटमा दिनेश हेन्जनले बक्सभित्र पाएको बल सदुपयोग गर्न सकेनन् ।

खेलको प्लेयर अफ द म्याच विजेता टिम मछिन्द्रका जोनाथन जोरिल्ला घोषित भए । उनले नगद २५ हजार रुपैयाँ पुरस्कार पाए । प्रतियोगिताभरि प्लेयर अफ द म्याचको पुरस्कार अमेरिका निवासी रोशनलाल श्रेष्ठ तथा उनका साथीहरुले प्रदान गर्दै आएका छन् ।

प्रतियोगितामा बिर्तामोडको महेन्द्ररत्न स्टोर्सले प्रत्येक दिन टिकट लिएर खेल हेर्ने दर्शकमध्ये एकजनालाई एकथान टेलिभिजन उपलब्ध गराउँदै आएको छ ।

त्यस्तै, पहिलो दिनदेखि फाइनलसम्म टिकट लिएर खेल हेर्ने एकजना दर्शकलाई यामाहाको स्कुटर प्रदान गरिने आयोजकले जनाएको छ ।

प्रतियोगिताको विजेताले नगद १५ लाख र उपविजेताले ७ लाख ५० हजार रुपैयाँ पुरस्कार पाउनेछ । प्रतियोगिताको उत्कृष्ट खेलाडीले यामाहा कम्पनीको एउटा मोटरसाइकल प्राप्त गर्ने आयोजकले जनाएको छ ।विधागततर्फ उत्कृष्ट कोच, हाई स्कोरर र उत्कृष्ट गोलकिपरले जनही ३५ हजार रुपैयाँ पुरस्कार पाउने छन् । प्रतियोगिताको फाइनल खेल फागुन ४ गते हुनेछ ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

प्रतिदिन अभिव्यक्ति

# बिर्सन सक्दिनँ १२ वर्ष अगाडिको त्यो दिन!



• आरती भट्टराई

म लाइनमा उभिएर हातमा भएको मोबाइल हेरिरहेकी थिएँ।
कसैले मलाई बोलाए जस्तो लाग्यो। यताउति आँखा घुमाएँ तर चिनेको अनुहार देखिनँ।
कफी शपमा धेरै मान्छेहरू छन्। म जस्तै अर्डर लिनेको, अर्डर गर्नेको लाइन लामो छ। कुर्सीमा बसेर खानेहरू पनि प्रशस्त छन्। अरू कसैलाई बोलाएको होला भन्ने अड्कल गरेँ। बोल्ने कोही नभएपछि मोबाइल साथी बन्छ। आफ्नो पालो नआउन्जेल उभिँदै भए पनि घोप्टिएर मोबाइल हेरिरहेँ।
केहीबेरको पर्खाइपछि मेरो अर्डर काउन्टरमा आइपुग्यो।
काउन्टरमा आएको कफी समाएर वरिपरि हेरेँ। कुनामा एउटा खाली टेबुल देखेँ। बाहिर निकै चिसो छ। कफी बोकेर काम गर्ने ठाउँसम्म पुग्दा सेलाउँछ। यहीँ बसेर खान्छु भन्ने सम्झेर टेबुलतिर गएँ।

कफी अनि पेपरमा प्याक पारेको खाजा टेबुलमा राखेँ। ज्याकेट, गलबन्दी, टोपी खोलेर कुर्सीको पछाडि सिउरिएँ अनि त्यही कुर्सीमा बसेँ। कफी पिउँदै फेरि मोबाइल हेर्नमा व्यस्त भएँ।
केहीबेरमा एक व्यक्ति आए। मेरो छेउमा भएको खाली कुर्सी देखाउँदै उनले सोधे, 'के म यहाँ बस्न सक्छु?' मैले 'हुन्छ' भनेँ।
उनले, 'हाउ आर यू?' भने।
उनले सोधेको मलाई मन परेन। चुप लागेर नबसेर किन बोल्नु परेको होला? भन्ने लाग्यो। तर बेवास्ता गर्न नैतिकताले दिएन। वृद्ध व्यक्तिसँग किन असभ्य हुनू! भनेर 'मलाई ठीक छ' भनेँ।
फेरि उनले, 'मैले तिमीलाई लाइनमा देखेर बोलाएको थिएँ।' भने।
त्यसपछि मोबाइलबाट ध्यान हटाएँ। उनको अनुहारतिर हेरेँ। म उनलाई देखेर ट्वाल्ल परेँ। अकस्मात् भेटेर छक्क परेकी म बोल्न नभ्याउँदै उनले, 'तिमीले मलाई बिर्से जस्तो लाग्यो?' भने।
मैले, 'सरी क्यान, हाउ आर यू? भेट नभएको धेरै भयो। तिमीलाई बिर्सिएर होइन। नदेखेर नबोलेकी। तिमी यहाँ भेटिन्छौ भन्ने थिएन।' भनेँ।

हँसिलो मुस्कानसहित हात मिलाउँदै उनले, 'तिमीले नभुलेकामा खुसी लाग्यो। मलाई ठीक छ। बेला बेलामा म यहाँ आइरहन्छु। जाडो दिनमा हिँड्नका निम्ति भनेर सपिङ सेन्टर जान्थेँ। तर आज अलिक व्यस्त छु। जाडोले बाहिर निस्केर धेरै समय हिँड्न सकिँदैन। त्यसैले घर नजिकको कफी शपसम्म हिँड्नुपर्यो। खुट्टा पनि तन्किने कफी पनि खाने भनेर आएको तिमीसँग भेट भयो। तर तिमी चाहिँ यहाँ कसरी?' आश्चर्य मिसिएको भावमा मलाई हेर्दै उनले भने।
उनको जिज्ञासालाई शान्त पार्दै मैले 'भर्खरदेखि यही नजि~~कै काम सुरू गरे~~को छु। ब्रेकको समयमा खाजा खान आएकी तिमीलाई भेटेर खुसी लाग्यो। अनि तिम्रो प्यारो साथी खै? लिएर आएनौ?' भने।
उनले, 'ऊ बिरामी छ। हिजो बिहान उसलाई निन्याउरो देखेपछि डाक्टर कहाँ पुर्याएँ। कान इन्फेक्सन भएर ज्वरो आएको रहेछ। पाँच दिनको एन्टिबायोटिक दिएको छ। सन्चो नभएको बेला यस्तो चिसोमा बाहिर जानु हुँदैन। म चाँडै आउँछु। तिमी नसुर्ताइ बस भनेर आएको छु।' भने।
मैले उसलाई सम्झेको छु भनिदिनु। चाँडो सन्च होस् भन्न चाहन्छु। अनि एन्ड्रियाको खबर के छ? सोधेँ।

उनले, 'एन्ड्रियाको घुँडाको समस्या तिमीलाई थाहै थियो। अप्रेसन गर्नुपर्यो। तीन महिनाअघि अपरेसन भयो। मैले उनलाई हस्पिटल पुर्याउने, ल्याउने, फलोअपमा लाने, ल्याउने काम गरेँ। उनको अपरेसनका बेला म व्यस्त भएँ। तर उनलाई सघाउन पाएकोमा आफूलाई भाग्यमानी ठानेको छु। त्यसले मलाई खुसी दिएको छ। अहिले उनी अमेरिका गएकी छन्। उनी आएपछि हामी मेक्सिको जान्छौं। घुँडाको समस्याका कारण लामो दूरीको प्लेनमा धेरै बेर बस्न सक्दिनन्। त्यसैले हामीले छोटो दूरीमा घुम्न जाने प्लान बनाएका हौँ। उनी छोरा छोरीसँग फेमिली डे मनाएर फर्कन्छिन्।'
उनको कुरालाई बीचमा काट्दै मैले, 'जाडोमा एक दिन भए पनि काममा आउन जाने झन्झटबाट मुक्ति पाइन्छ। फेमिली डे,पब्लिक होली डे भएकोले म पनि त्यसको प्रतीक्षामा छु। अनि तिम्रो फेमिली डे प्रोग्राम के छ?' भनेँ।
उनले, 'भान्जोले बोलाएको छ। त्यहाँ जानु छ। परिवार घटेपछि फेमिली डे प्रोग्राम धेरै हुने कुरा भएन' भने।
उनको परिवार सदस्यहरूमा अब ऊ मात्र बाँकी छन् भन्ने मलाई थाहा थियो। नसोध्ने प्रश्न सोधे छु जस्तो लाग्यो। गल्तीलाई सच्याउँदै उनका कुरालाई जोड दिँदै मैले, 'हो नि उमेरसँगै धेरै कुराहरू परिवर्तन हुँदै जाने रहेछन्। बाँचिरह्यो भने सन्तानको भविष्य अनि विज्ञान प्रविधिले ल्याएका नयाँ कुराहरू देख्न पाइने रहेछ। तर त्यसको साथसाथै इष्टमित्र, परिवारका आत्मीय जनहरू गुमाउनुको पीडा पनि सहनु पर्ने रहेछ। अरू नयाँ नौलो के छ? भन।' भनेँ।
उनले, 'अरू सब ठीक छ। दुई वर्षमा के फरक हुन्छ र? तिमी आउँदा जस्तो थियो अहिले पनि त्यस्तै छ। केवल मेरो लिभिङ रूममा भएका बिरूवाहरू पहिला जस्तो सप्रिएका छैनन्। तिमी आउँदा मेरो घरछेउ बन्दै गरेको अग्लो अपार्टमेन्ट बिल्डिङ बनिसक्यो। त्यसले घरमा आउने घाम पूरै छेलिदिन्छ। त्यसैले बिरूवा छ्याङ्गिन सक्दैनन्। फस्टाउन नसकेका तिनीहरूलाई देखेर दुःख लाग्छ। बिरूवा राखूँ वा फालुको दोधारमा हुन्छु। फुत्त फ्याल्न मनले मान्दैन। कहिले चिसो सकिन्छ अनि बाहिर निकालूँ भनेर पर्खेर बसेको छु।' भने।
पुराना यादहरू समेटेर वर्षौंदेखि बाँचिरहेका बिरूवाहरूको बारेमा कुरा गरिरहँदा उनको अनुहारमा मैले निराशा देखेँ। तर उनले तुरून्तै विषय परिवर्तन गरे अनि 'तिम्रो परिवारको बारेमा सुनाऊ' भने।
मैले, 'हामीलाई ठीक छ। छोराहरू बढ्दैछन्, पढ्दैछन्' भने। उनले, 'बढ्ने भने कै केटाकेटीले हो। स्वास्थ्य भएर बढ्दै जाऊन् शुभकामना छ। उनीहरू जस्ता नयाँ पुस्ताका लागि मैले ठाउँ खाली गर्नुपर्ने तर दुई वर्षअघि तिमीले मर्यो कि? भनेर शङ्का गरेको मान्छे अहिलेसम्म जस्ताको तस्तो छु' भनेर मज्जाले हाँसे।
उनको हाँसोमा हाँसो मिलाउँदै मैले, 'शङ्का गर्ने बाटो तिमीले बनाइदिएका थियौँ। तिमीले तिम्रो आमाको मृत्युको बारेमा नसुनाएको भए सायद म शङ्का गर्ने थिइनँ होला। तिमीले सुनाएका कुरा बिर्सियौ।' भनेँ।
उनले पुराना कुराहरू याद गर्दै भने, 'बिर्सिएको छैन। याद छ। त्यो दिन ढोका खोल्ने बित्तिकै मैले तिमीलाई भनेको थिएँ। अस्ति मेरो बर्थडे थियो। एक दुई घण्टा बस्नुपर्यो भनेर भान्जाले बुहारी अनि नानीहरू लिएर आएछन्। सर्प्राइज दिनका निम्ति बिना खबर आएका उनीहरूलाई देखेर म खुसी भएको थिएँ।
भान्जाले, 'मामा खबर नगरी आएकाले बेग्लै रमाइलो भयो।' भने।
त्यसपछि हामीले कफी खाँदै निकैबेर गफ गर्यौं। मेरा घरमा केटाकेटीले मन पराउने खाने कुरा हुँदैन भन्ने भान्जालाई थाहा थियो। त्यसैले भान्जाले आफैले बोकेर ल्याएको खानेकुरा नानीहरूलाई दिए। मैले डाइनिङ टेबुलमा बसेर खाऊ, सोफामा बसेर नखाऊ भनेँ। तर केटाकेटी न हुन्। उनीहरूलाई के मतलब? खुला ठाउँमा उफ्रिन, कुद्न पाएका केटाकेटीहरू के सुन्थे? खानेकुरा सबैतिर पुर्याएँ। चिप्स, बिस्कुटका प्याक बोकेर यताउता कुदेको कुदै गरे। मेरो साइट टेबुलमा वर्षौंदेखि राखेको गमला समेत फुटाइदिए। भान्जा र बुहारीले वास्ता नगरेपछि आफूले मात्रै बारम्बार यसो नगर, त्यसो नगर, न कुद भनेर मनाही गर्ने कुरा भएन। आउँदै छु भनेर आएका भए सामान मिलाएर एउटा कुनामा राख्थे। त्यसो पनि भएन। यस पटक तिमीले बढी काम गर्नुपर्ने भयो भनेको थिएँ।
तिम्रो मेहनतले काम सुरू गरेको केहीबेरमा घर पहिलाको जस्तो व्यवस्थित भएको थियो। घर चिटिक्क भएको उपलक्ष्यमा मैले मीठो कफी बनाएको थिएँ। हामीले कफी खाँदै गफ गरेका थियौं। त्यही दिन गफका क्रममा मैले मेरी आमाको मृत्युको घटना तिमीलाई सुनाउँदै भनेको थिएँ।
१२ वर्ष अगाडिको त्यो दिन म बिर्सन सक्दिनँ। धूमधामसँग बर्थडे पार्टी मनाएर सबै जना घर गइसकेका थिए। आमा मात्र बाँकी हुनुहुन्थ्यो। माइकले म आमालाई घर पुर्याउँछु भन्यो। मैले 'तिमीले धेरै ड्रिङ्क गरेका छौ। आमालाई ट्याक्सीमा पठाऊ' भनेँ।

राति १ बजे आमालाई घर पठाएर हामी सुत्यौं। भोलिपल्ट बिहान फोनको घण्टीले मलाई बिउँझायो। आँखा मिच्दै यति बिहानै कसले फोन गर्यो? भनेर फोन उठाएँ।
बेलासँग कुराकानी भयो। मलाई मात्र बिहानै जस्तो लागेको रहेछ। घडीले दिउँसोको १ बजाइसकेछ। फोन राखेर माइकको कोठामा गएँ। ऊ मस्त निदाइरहेको थियो। बिस्तारै ढोका ढप्काएँ अनि बेलाको घरतिर लागेँ। मलाई नै पर्खेर बसिरहेकी बेलाले मलाई बोलाउनुको कारण स्पष्ट पार्दै, 'राति अनौठो आवाज सुनेर म ब्युँझिएकी थिएँ। बाहिर निस्केर हेर्दा तिम्रो आमाको रूममा बत्ती बलेको देखेँ। आइसकिछिन् भनेर फेरि सुतेँ। हिजो तिम्रो बर्थडे पार्टीबाट फर्किँदा ढिलो भएको भन्ने मलाई थाहा छ। तर पनि उनी यति लामो समयसम्म सुत्ने मान्छे होइनन्। अहिलेसम्म उनको चालचुल छैन। दिउँसो भइसक्दा पनि बत्ती बलिरहेको छ। तिम्री आमाले तिम्रो नम्बर दिँदा तिमीसँग चाबी छ भनेकी थिइन्। कतै तिम्री आमा आपतमा छन् कि? ढोका खोलेर हेर्छौ कि? भनेर फोन गरेको' भनिन्।
मैले, 'चाबी ल्याएको छैन। म घर गएर लिएर आउँछु'। भनेर त्यहाँबाट निस्केँ। बेलाले आजभन्दा अघि मलाई फोन गरेकी थिइनन्। हिजो आमाले धेरै ड्रिङ्क गर्नुभएको थियो। लफडा गर्नुभएछ कि क्या हो? भन्ने लागेको थियो। तर त्यस्तो होइन रहेछ। आमाले मेरो छेउको कोठामा बस्न आएकी महिला छिमेकी मात्र होइन छिमेकीका रूपमा शुभचिन्तक पाएकी छु भन्नुहुन्थ्यो। बेलाले फोन गरेर त्यसको प्रमाण दिइन् भन्ने सोच्दै घर पुगेँ। घरभित्र पसेर माइकको कोठामा हेरेँ। ऊ निदाइरहेको थियो। निदाएको मान्छेलाई किन डिस्टर्ब गर्नु? भनेर चाबी लिएर फर्केँ।
आमाको अपार्टमेन्टमा पुगेर ढोका खोलेँ। ढोका खोल्ने बित्तिकै आमालाई देखेँ। आमा डाइनिङ टेबुलको छेउको भुइँमा घोप्टिएर लड्नु भएको थियो। आमा, आमा भनेर बोलाउँदै भित्र पसेँ। आमाले कुनै प्रतिक्रिया दिनुभएन। आमालाई उठाउनु पर्यो भनेर छोएको छुने बित्तिकै थाहा पाएँ। आमाको प्राण गइसकेको थियो। ढिला नगरी पुलिसलाई कल गरेँ। जीवनको के भर? अहिले छ, भरे छैन।
हिजो बेलुका त्यस्तो रमाइलो गर्नु भएकी आमा अहिले मृत भइ सक्नु भयो। लामो आयु बाचेकी आमाको मृत्युमा गुनासो गरिनँ। आमासँग बिताएका पलहरू आँखामा झलझली आइरहे। सोफामा बसेर आमालाई हेरिरहेँ। आमाका छेउमा बसेकी बेलाले, 'तिमीले यति चाँडै छोडेर जान्छौ जस्तो लागेको थिएन। असल साथीको रूपमा तिमीलाई सधैँ सम्झी रहने छु।' भनिन्।

बेलाका आँसुले आमाको पार्थिव शरीरलाई श्रद्धाञ्जली अर्पण गरे। म सुर्ताएकी बेलाको छेउमा गएँ। उनलाई अँगालो हालेँ अनि 'तिमी नभएको भए, यो घटना कति समयपछि थाहा पाउँथें भन्न सक्दिनँ। त्यसैले तिम्रो यो उपकार सधैं याद गर्ने छु। धन्यवाद बेला' भनेँ।
केहीबेरमा पुलिस आए। सोधी खोजी गरे। केही बेरको निरीक्षणपछि निष्कर्ष सुनाए। फ्रिजमा राख्नुपर्ने सामान टेबुलमै छ। जुत्ता पनि थन्काएको छैन। यसको मतलब तिम्री आमा कोठाभित्र पसिन्। बत्ती बालिन्। झोलाको सामान निकालेर टेबुलमा राखिन्। तर सामान थन्क्याउन नभ्याइकन लडिन्। झोलाबाट निकालेको दूध अनि केक बिग्रिने सामान हुन्। फ्रिजमा राख्नु पर्थ्यो। तर फ्रिजमा थन्काउन भ्याइनन्। यसबाट के देखिन्छ? भने तिम्री आमाको निधन छोटो समयमा भएको छ। तर मृत्यु शंकास्पद छैन।
मलाई राम्ररी थाहा छ। त्यही दिन मैले तिमीलाई भनेको थिएँ 'म पनि सिङ्गो घरमा एक्लै बस्छु।' उनका कुरालाई बीचमा काट्दै मैले, 'हो यही कुराको कारण मैले शङ्का गरेकी थिएँ। नत्र भने आयुको निर्धारण कसले गर्छ? यसको मापदण्ड के हो? अमूल्य जीवनको समयावधि कति हो? थाहा हुँदैन।

जीवनको अन्त्य जुन बेला हुनसक्छ। तर तिम्रो आमाको जस्तो मृत्यु मैले किताबमा मात्रै पढेकी छु। हाम्रोमा संयुक्त परिवारको परिपाटी छ। हामीहरू संयुक्त रूपमा बस्न रूचाउँछौं। वृद्धावृद्धाहरूको साथमा कोही न कोही बस्ने चलन छ। हाम्रोतिर वृद्धावृद्धाहरू यहाँ जस्तो एक्लै बस्दैनन्' भनेकी थिएँ।
फेरि संयोग पनि त्यस्तै थियो। तिम्रो बर्थडे पछाडि आउँदा ढोका खुलेन अनि शङ्का नगरेर के गर्नु? त्यो दिनको घटना तिमीलाई थाहै छ। मैले पहिला भनेको हो। त्यस दिन मैले मूल ढोका छेउमा भएको घण्टी बजाएँ। लक्की भुक्यो। केहीबेर पर्खेर फेरि घण्टी बजाएँ। केही शान्त भएको लक्की चर्को स्वरमा भुक्न थाल्यो। उसको खट्टाले ढोकामा नङ्गाइएको मैले बाहिरबाट सुनेँ। तर ढोका खुलेन। त्योभन्दा पहिले कहिले त्यस्तो भएको थिएन। जाडोको समयमा आउँदा पनि तिमीले ढोका धप्क्याएको मात्रै हुन्थ्यो। घण्टी बज्दा तिमी ढोका खोल्न असमर्थ भए भित्रबाट ढोका खुल्ला छ। आए हुन्छ भन्थ्यौं।
तिमीले सुपरभाइजरलाई अस्पतालमा भोलेन्टियरिङमा जान्छु। यस पटकको हाउस किपिङ क्यानसल गर्छु भने पनि उसले मलाई जानकारी नगराएपछि? अनि तिमीले बाहिर जाँदा सधैं झोलामा हालेर बोक्ने लक्की घरभित्र भुकेपछि? तिमी घरमा नभएर ढोका नखुलेर भन्ने मलाई कसरी थाहा हुन्छ?

त्यसमाथि तिमीले, 'तिमी काम गर्न आउँदा मैले ढोका खोलिनँ भने सम्झनु म पनि आमा जस्तै घरभित्र मरिराखेको हुन सक्छु' भनेका थियौ। त्यसैले अधिक शङ्का गर्नुपर्ने अवस्था सिर्जना भयो। वास्तवमा भन्नु पर्दा सुपरभाइजरले आज क्यान घरमा छैन नभनेसम्म तिमी घरभित्र मरिरहेका छौ कि? भनेर म डराएकी थिएँ।
उनले हाँस्दै, 'मृत्यु शाश्वत सत्य हो। म मृत्युसँग डराउँदिनँ। त्यसैले म घरभित्र मरिहालेँ भने लक्की भोककै नहोस् भनेर उसको भाँडोमा चाहिनेभन्दा बढी खाने कुरा राखिदिन्छु। मेरो मृत्युपछि मेरो बैंक खातामा बाँकी रहने पैसा डग रेस्क्यु सोसाइटीलाई डोनेसनमा दिएको छु भने घर भान्जालाई दिएको छु। केटाकेटी साना हुँदै मामा घरमा सर्न पाए अपार्टमेन्टमा कोचिएर बसेका केटाकेटी सहजले हुर्किन्थे भनेर होला भान्जाले पहिलाको भन्दा धेरै खोजी गर्छन्। बाक्लै फोन गर्छन्। त्यसैले म ढुक्क छु। म भित्रै मरिहालेँ भने लक्कीले धेरै दिन भोकै बस्नु पर्दैन। म सदैव मृत्युका लागि तयार छु। तर म मात्र तयार भएर हुँदैन। मृत्युले मेरा लागि तयार गरेको समय आउनुपर्यो।' भने।

मृत्युलाई सहज रूपमा वर्णन गरिरहेका उनलाई हेर्दै मैले सम्झेँ आजसम्म मैले आफन्त, परिवारसँग बसेर आफ्नो मृत्युको कुरा गरेको छैन। हाम्रो समाजमा मृत्युको बारेमा खुलेर कुरा हुँदैन। मृत्यु सबैले बेहोर्नुपर्छ, मृत्युको विकल्प छैन भन्ने थाहा भए पनि मृत्यु कुरा गर्न नरूचाइने विषयमा पर्दछ। मृत्युको बारेमा कसैले कुरा गरिहाल्यो भने त्यस्तो अलच्छिन कुरा किन गरेको? आफै मर्ने कुरा पनि कसैले गर्छन्? त्यस्तो कुरा गर्नु हुँदैन भन्ने परिपाटी छ।
उनले हातमा भएको घडी हेरेँ अनि, 'दुई बज्न लागेछ। आज मेरो डाक्टर एपोइन्टमेन्ट छ। मलाई देखेर डाक्टरहरू अचम्मित छन्। सिजनल सिकनेस बाहेक यो उमेरमा पनि स्वस्थ जीवन बाँचेको देखेर उनीहरू छक्क पर्छन्। सधैं प्रसन्न देखिन्छौ। तिम्रो स्वस्थ जीवनको रहस्य के हो? तिमीसँग समय छ? भने भोलिन्टियरको रूपमा आएर अरू बिरामीहरूलाई हौसला दिन सक्छौ? भनेर बोलाउँछन्।
प्रत्येक पटक मेरो दिनचर्या सोध्छन् अनि तिम्रो दिनचर्याले तिमीलाई स्वस्थ राखेको छ। त्यसलाई कायम राख भन्छन्। मेरो दिनचर्यामा दिनको दुई पटक एक घण्टाका दरले लगातार हिँड्नुलाई मैले पहिलो प्राथमिकतामा राखेको छु। तिमीलाई थाहै छ, मलाई घरभित्र मात्रै बस्न मन लाग्दैन। घरभित्र मात्र बसेर तन्दुरूस्त हुन गाह्रो छ।' भन्दै ज्याकेट लगाए।
गलबन्दी र टोपी लगाइसकेपछि 'मेरो घर नजिकै काम गर्न थालेछौ। फेरि भेट हुन्छ भन्ने आशा गर्छु। अहिले निस्कन्छु।' भनेर हात मिलाउन हात अघि सारे।
मैले, 'धेरैपछि तिमीसँग भेटेर रमाइलो कुराकानी भयो। तिम्रो दिन शुभ रहोस्। बाटो चिप्लो छ बिस्तारै जानु' भन्दै हात मिलाए। 'तिमी आफ्नो ख्याल गर्नु। तिम्रो परिवारलाई मैले सोधेको छ।' भन्नु भनेर उनी पसलबाट बाहिर निस्के। बाहिर पुगेका उनलाई ठूलो सिसाको झ्याल भित्रबाट हेरिरहेकी मैले हात हल्लाएर बाई बाईको इसारा गरे।
कफी शपमा बसेर बाहिर हिँडिरहेका उनलाई मैले आँखाले देखिन्जेल हेरिरहेँ। एक्लै छु जाऊँ कि नजाऊँ भन्दै आएकी थिएँ। तर उनलाई भेटेर मन प्रसन्न भयो। नत्र भने यहाँ खचाखच भरिएको पसलमा कसैलाई कोहीसँग मतलब छैन। सबै आआफ्नो धुनमा मस्त छन्। कोही खाने कुरा खाइरहेका छन् भने कोही मोबाइल हेर्नमा व्यस्त छन्।

कोही आफ्नो ल्यापटप अगाडि राखेर टाइप गरिरहेका छन् भने कोही किताब पढेर बसेका छन्। सँगै बसेर गफ गर्नेहरू पनि छेउमा बस्नेलाई डिस्टर्ब नहोस् भन्ने अभिप्रायले बोलिरहेका छन्। न कोही ठूलो स्वरले बोल्छन् न कसैले अट्टहास गर्छन्। यो दृश्य मेरा लागि अनौठो लाग्छ किनकी मेरा देशमा चिया पसलमा चिया खाना भेला भएका मान्छेहरूले गरेका चिया गफहरू चिया गफमा मात्र सीमित हुदैनन्।
चिया गफहरू देशमा राष्टिय न्युजका, न्युज लेटरका हेडलाइन सम्म पुग्ने ताकत राख्छन्। चिया पसलमा भएका गफका भरमा राजनीतिक आड भरोसाका आधारमा, कर्मचारीको सरूवा बढुवा हुनेदेखि ठूला ठेका पट्टाहरू कसले पाउने? कसले नपाउने? आदि इत्यादि निर्धारित हुन्छन्। चिया गफहरूबाट चुनावमा कसलाई टिकट दिने? कसलाई नदिने? कसको सरकार बन्ने? कसले देश चलाउने? कुरा तय हुन्छन्। त्यति मात्र नभएर चिया गफका आधारमा देशको सर्वोच्च न्यायालयका काम कारबाहीमा समेत असर पर्छन्। त्यस्तो परिवेशमा हुर्केर आएकी मेरा लागि यो वातावरण अनौठो लाग्नु स्वाभाविककै हो। त्यसैले मलाई यहाँका चिया पसल मन पर्दैनन्। एक्लै छु भनेर नरमाइलो लाग्छ। तर उनी मेरो हजुर बाको उमेर (८५ वर्ष) को मान्छे एक्लै भए पनि रमाएर खुसी साथ बाँचेका छन्। चिसोको कारण हिउँ जमेर आइस भएको छ। यस्तो जाडोमा घरमा बस्न छोडेर किन हिँडेका होलान्? लडिहाले भने स्याहार गर्ने पनि कोही छैनन् भन्ने लाग्छ तर उनलाई ती कुराको वास्ता छैन। यसको मुख्य कारण उसले बाँचिरहेको परिवेश हो।
यहाँका नागरिकहरूको सहारा राज्य स्वयम हो। सबै नागरिकहरूले सरकारबाट पाउने सेवा सुविधा सहज र सुलभ ढङ्गले प्राप्त गर्छन्। सरकारबाट पाउने सेवा सुविधाबाट कोही बन्चित छैनन्। सरकारी सेवा सुविधा नहुने, नपाउने हो भने, सरकारले सुरक्षाको ग्यारेन्टी नगर्न हो भने सिङ्गो घरमा एक्लै बस्न सम्भव हुँदैन। त्यसमाथि वृद्ध नागरिकहरूको हालत सहजै अनुमान गर्न सकिन्छ। त्यस मामलामा उनी भाग्यमानी नागरिक हुन् जसले सरकारलाई ट्याक्स तिरेबापत राज्यबाट संरक्षण प्राप्त गरेका छन्।
राज्यबाट उनलाई आवश्यक पर्ने स्वास्थ्य सेवा, व्यक्तिगत सुरक्षा अनि आर्थिक भार जस्ता सुविधा ग्यारेन्टीसाथ उपलब्ध गराएको छ। राज्यले भरपर्दो सुरक्षाको प्रत्याभूति गराएको छ। त्यसैले उनी सिङ्गो घरमा एक्लै सुरक्षित छन्। उनको संरक्षक, सहारा राज्य हो अनि राज्यले गर्छ भन्ने उनलाई विश्वास छ। फलस्वरूप त्यो उमेरमा बिना चिन्ता निर्धक्क रमाएर बाँच्न सकेका छन्।
उनी मेरो आँखाबाट ओझेल परेपछि कफी पिउँदै मैले उनलाई भेटेको सम्झिएँ।
दुई वर्षअघि म उनको घरमा हाउस किपिङ गर्न जान्थेँ। मेरो काम तोकिएको समय अगाडि सिद्धिन्थ्यो। जति नै पुर्याएर गर्छु भने पनि एउटा मान्छे बसेको घरमा के फोहोर हुनु? त्यसमाथि १५-१५ दिनमा सोही घरमा सफा गर्न जान्थेँ। बाथरूम, किचन काउन्टर सफा गर्नु अनि कार्पेट छ भने भ्याक्युम लगाउनु र फ्लोर छ भने पुछ्नु। त्यसबाहेक लिभिङ रूममा भएका फर्निचरहरूमा डस्टिङ गर्नु मेरो काम थियो। एक घण्टा बाँकी हुँदा काम सकिन्थ्यो।

घण्टाको आधारमा पैसा पाइने भएकाले काम सक्ने बित्तिकै घर जाँदा पैसा घटेर आउँछ। काम सकेर त्यहीँ बसिराखे सुपरभाइजर छड्के चेकमा आइहाल्यो भने कुरा मिलाउँदा भइहाल्छ भन्ने हेतुले मैले उनीसँग कुराकानी सुरू गरेँ। उनी पनि गफ गर्न रूचाउने रहेछन्। हामीले फुर्सदको समयमा पुराना पिक्चरहरू हेर्दै धेरै कुराकानी गर्यौं। परिवारको प्रसङ्गमा कुरा हुँदा उनले 'मेरा बाआमा इटालीबाट बसाइँ सरेर आएका थिए। उहाँका पाँच जना सन्तान मध्येको म माइलो हुँ। मेरा दुई दिदी, दुई भाइ थिए। तर अब सबै मरिसके म मात्रै बाँकी छु' भनेका थिए।
सिङ्गो घरमा एक्लै बसेको प्रसङ्गमा उनले मैले १५ वर्षको भएपछि काम गर्न सुरू गरे। एउटै कामलाई निरन्तरता दिन सकिराखेको थिइनँ। तर २० वर्षको भएपछि पढाइ अनुसारको एकाउन्टेन्टको काम पाएँ। त्यसपछि भने रिटायर नहुन्जेलसम्म त्यही काम गरिरहेँ। मैले काम गर्ने कम्पनीमा माइक नाम गरेको जर्मनबाट आएको सहकर्मी थियो। एउटै उमेरका हामी दुई छोटो समयमा घनिष्ठ मित्र बन्यौँ। स्वतन्त्र हुन बाबाआमाको घर छोडेको म अनि आफ्ना आफन्त सबै स्वदेशमा छोडेर आएको ऊ काम सकेर पनि सँगै समय बिताउन थाल्यौं।
२४ घण्टामा १८ घण्टासँगै भइसकेपछि हामीले एउटै घरमा बस्ने निर्णय गरेर केही पैसा जम्मा गर्यौं। बैंकले बाँकी पैसा लोन दियो अनि घर किन्यौं। हामी दुवै जनाको कमाइ राम्रो थियो। त्यसमाथि ओभरटाइम समेत गर्यौं। हामी वर्षैपिच्छे घुम्न जान्थ्यौं। माइकले मलाई धेरै पटक उसको बुवाआमाको घर जर्मन पुऱ्यायो। हामी दुई जना नपुगेको ठाउँ सायद कमै होला। हामीले जिन्दगीमा खुब मस्ती गर्यौं। समय कसरी बित्यो पत्तै भएन। हामी सँगसँगै रिटायर भयौं। त्यसपछि हामीले अझ रमाइलो गर्यौं। हाम्रो घरमा चाडबाड, बर्थडे पार्टीमा साथीभाइ, आफन्तककक भिडभाड हुन्थ्यो। सबैलाई बोलाएर खुब रमाइलो गर्थ्यौं। तर जीवनमा सधैँ रमाइलो मात्रै हुँदैन। जीवनमा सधैँ अनुकूलता मात्र हुँदैन। नियतिको अधीनमा रहेको जीवनमा भविष्यमा के व्यहोर्नुपर्छ थाहा हुँदैन। समय, परिस्थितिले जीवनको रमाइलोलाई क्षणभरमा पीडामा बदल्छ। तर जे भए पनि वर्तमानमा रमाइलो गर्नुपर्छ। जीवनकककक उतरार्धमा पुग्दा ती यादहरूले

❖ बाँकी तेस्रो पृष्ठमा

# नेपाल सुपर ८ पुग्ने सम्भावना

काठमाडौं । समूह 'सी' मा पूर्वविश्वविजेता इंग्ल्यान्ड विरूद्धको खेलमा नेपालले गज्जबको खेल देखायो। विश्वकै उत्कृष्ट खेलाडीको जमघट रहेको इंग्लिस टोलीलाई आच्छुआच्छु पाऱ्यो।
मुम्बईको प्रसिद्ध वानखेडे रंगशालामा उत्कृष्ट खेलेको नेपालका चार दिनपछिको अवस्था भने बिल्कुल फरक रह्यो।
यो विश्वकपको डेब्यू टोली इटालीसँग नेपालको खेल राम्रो हुन सकेन। यो विश्वकपमा सहभागी सबैभन्दा तल्लो वरीयता (२६औं) रहेको इटालीविरूद्ध नेपाल १० विकेटले पराजित भयो। यसले नेपालको प्रदर्शन एकनासको नभएको प्रष्ट देखिन्छ।
नेपाली टोली हिरोबाट एकाएक भुइँमा पछारिन पुग्यो। जसले नेपालको यस संस्करणको विश्वकप यात्रा कठिन मोडमा पुगेको छ।
तर खेलकुदमा चमत्कारिक प्रदर्शनको पनि अपेक्षा गरिन्छ। कसले कुन कस्तो जादु देखाउँछ थाहा नै हुँदैछ। त्यसैले लगातार दुई खेलमा पराजित पराजित भएको नेपाली टोलीलाई अघि बढ्न अब चमत्कारिक प्रदर्शनले मात्र अघि बढाउन सक्छ।

कठिन अवस्थामा आइपुगेको नेपाली टोलीले आइतबार बिहान सवा एघार बजे वानखेडेमै अर्को विश्वविजेता वेस्ट इन्डिजसँग खेल्दैछ। नेपाल र वेस्ट इन्डिजको अवस्था निकै भिन्न छ। दुवैको बाटो र अपेक्षा फरक छन्।
इंग्ल्यान्ड र स्कटल्यान्डलाई हराएको वेस्ट इन्डिजले भारतमा उत्कृष्ट खेल देखाइरहेको छ। वानखेडेमै उसले इंग्लिस टोलीविरूद्ध उत्कृष्ट जित निकालेको थियो। अब नेपाल विरूद्धको खेलले वेस्ट इन्डिजलाई सुपर ८ मा पुऱ्याउने समीकरण छ।
नेपाल भने 'गर या मर' को स्थितिमा छ। अघि बढ्नका लागि नेपाललाई वेस्ट इन्डिजविरूद्ध जितको विकल्प छैन।
सुपर-८ मा पुग्न वेस्ट इन्डिज मात्र होइन स्टकल्यान्डससँग पनि नेपालले हार्ने छुट छैन। एक हारले नेपालको विश्वकप यात्रा टुंगिन्छ। वेस्ट इन्डिज अहिले उत्कृष्ट लयमा छ। शारीरिक शक्ति र रणनीतिक सन्तुलन दुवै मिल्नु वेस्ट इनडिजको राम्रो पक्ष हो। शिमरन हेटमायरको आक्रामक शैली गजबको देखिएको छ। इंग्ल्यान्डविरुद्ध शेर्फान रदरफोर्डले प्रहार गरेको नटआउट ७४ रनले नेपाली बलरहरूलाई चुनौती दिने निश्चित छ। वेस्ट इन्डिजसँग रोभम्यान पावेल र जेसन होल्डर जस्ता ठूला सट खेल्न सक्ने ब्याटर छन्।

वेस्ट इन्डिजको ब्याटिङ मात्र होइन बलिङ पनि उत्तिकै घातक छ। अकिल हुसेन, गुडाकेश मोती र रोस्टन चेसको स्पिनले इंग्ल्याण्डलाई निकै समस्यामा पारेको थियो। वानखेडेको बिहानी खेलमा यो स्पिन जोडी फेरि पनि निर्णायक हुन सक्छ।
तीव्र गतिका बलर शेमार जोसेफसँगै रोमरियो शेफर्ड (जसले यसै प्रतियोगितामा ह्याट्रिक र ५ विकेट लिइसकेका छन्) नेपालका लागि खतरा हुन्। यी बलरविरूद्ध नेपाली ब्याटर कसरी खेल्छन् त्यो नै नेपालको नजितालाई असर गर्नेछ।
इटालीसँगको १० विकेटको नमीठो हारपछि र जेसन होल्डर मात्र अहिले विश्वकप खेलिरहेका छन्।
विश्वकपमा कुनै पनि टोलीलाई पुरान इतिहास र रेकर्डले कुनै अर्थ राख्दैनन्। मैदानमा उत्कृष्ट खेल र विपक्षीलाई दबाबमा राख्नुपर्छ।
नेपालले वेस्ट इन्डिजसँग फागुन ३ गते विहान ११ बजे तेस्रो खेल खेल्नेछ। अन्तिम खेल फागुन ५ मा स्टकल्यान्डसँग बेलुका सवा ७ बजे खेल्नेछ।
समूहका पाँच टोलीमध्ये दुई टोली मात्र सुपर ८ मा पुग्नेछन्। बाँकी तीन टोली समूह चरणबाटै बाहिरिनेछन्।
नेपालको सुपर ८ मा पुग्ने सम्भावना निकै कठिन देखिन्छ। नेपालले खेलेका सुरुवाती अवस्थाले गर्दा नेपालको सुपर ८ यात्रा निकै चुनौतीपूर्ण, कठिन र असम्भव जस्तै छ।

नेपालले बाँकी रहेका दुवै खेल जित्नु, त्यो पनि ठूलो अन्तरमा अनि अरु टोलीले पनि नेपालको समिकरणअनुसार नजिता निकाल्नु पर्ने अवस्था 'मिराकल' भए जस्तै हुनेछ। त्यसैले नेपाल सुपर-८ दौडबाट बाहिरिन गणितीय सम्भावना मात्र बाँकी छ।
यदि नेपालले आफ्ना बाँकी दुबै खेल (वेस्ट इन्डिज र स्कटल्यान्ड विरुद्ध) जितेमा नेपालको ४ अंक हुनेछ। यस्तो अवस्थामा नेपाल सुपर ८ मा पुग्नका लागि समूह 'सी' का अन्य तीनवटा खेलको नतिजामा प्रत्यक्ष रूपमा भर पर्नुपर्ने हुन्छ।



अहिले नेपाल दबाबमा छ। अंकबिहीन नेपालको 'नेट रन रेट' मा ठूलो धक्का पुऱ्याएको छ।अब वेस्ट इन्डिजविरूद्ध उत्कृष्ट खेल्न नेपालका ओपनर कुशल भुर्तेल र आसिफ शेखको ओपनिङ जोडी चल्न जरुरी छ। कप्तान रोहित पौडेल र दीपेन्द्रसिंह ऐरीले मध्यक्रम सम्हाल्नुपर्नेछ भने अन्त्यमा लोकेश बमसँगै गुलशन झा र करण केसीको विष्फोटक ब्याटिङको खाँचो छ।
बलिङमा नेपालको सबैभन्दा ठूलो भरोसा सन्दीप लामिछाने नै हुन्। उनलाई नन्दन यादवको गति र ललित राजवंशी स्पिनले साथ दिनु पर्नेछ। ललितको स्थानमा शेर मल्ललाई ल्याएर रणनीति बदल्न सकिनेछ। गत सेप्टेम्बरमा युएईको शारजाहमा वेस्ट इन्डिजको दोस्रो रोजाइको टोलीलाई नेपालले टी-२० सिरिजमा २-१ ले हराएको थियो। त्यसले नेपाली टोलीलाई आत्मविश्वास दिए पनि सो टोलीका दुई खेलाडी मात्र अहिले विश्वकप टोलीमा छन्।
त्यतिबेला युवा खेलाडीलाई मौका दिएको वेस्ट इन्डिजमा अहिले अनुभवी खेलाडी छन्। त्यतिबेला खेलेका अकिल हुसेन

दुईवटै खेलमा (इंग्ल्यान्ड र इटालीसँग) हार ब्यहोरेको छ र अंक तालिकाको पुछारमा (पाँचौं स्थानमा) शून्य अंकका साथ रहेको छ।
नेपालको नेट रन रेट -१.८५४ छ, जुन समूह 'सी' का अन्य सबै टोलीहरूको तुलनामा सबैभन्दा कम हो।
वेस्ट इन्डिज २ खेलमा २ जितका साथ ४ अंक जोडेर शीर्ष स्थानमा छ। स्कटल्यान्ड, इटाली र इंग्ल्यान्डको समान २-२ अंक छ। अहिलेको अवस्थामा वेस्ट इन्डिज सुपर ८ नजिक छ। नेपालले वेस्ट इन्डिजलाई पछि पार्ने सम्भावना छैन।
नेपालले सुपर ८ को दौडमा जीवित रहन आफ्ना बाँकी दुबै खेल (वेस्ट इन्डिज र स्कटल्यान्ड विरुद्ध) फराकिलो अन्तरले जित्नै पर्ने हुन्छ। एक हारले नेपालको यात्रा सकिनेछ। अर्कोतर्फ नेपालले दुवै खेलमा जित निकालेर मात्र पुग्दैन अरू टोलीको नजितामा पनि भर पर्नुपर्छ। अन्य टोलीहरूको नतिजा पनि नेपालको अनुकूल हुनुपर्नेछ ताकि ४ अंकमा बराबरी भएर नेट रन रेटका आधारमा छनोट हुने अवस्था छ। यद्यपि सुरुवाती दुवै खेलमा पराजय, हालको कमजोर रन रेट र अन्य बलिया टोलीको रूपमा भर पर्नुपर्ने हुन्छ।
इंग्ल्यान्ड र स्कटल्यान्डबीच हुने खेलमा खेलमा इंग्ल्यान्ड वा स्कटल्यान्डमध्ये जसले जिते पनि उनीहरूको ४ अंक पुग्ने सम्भावना रहन्छ। नेपालको लागि यो खेलको नतिजाले अंक तालिकामा ठूलो प्रभाव पार्नेछ।इंग्ल्यान्ड र इटालीबीच हुने खेलको विजेताको पनि ४ अंक वा सोभन्दा बढी पुग्न सक्छ। नेपालले आफू ४ अंकमा रहँदा अन्य टोलीहरू पनि ४ अंकमै सीमित रहुन् भन्ने चाहन्छ। इटाली र वेस्ट इन्डिजबीच खेलले पनि अर्थ राख्नेछ। नेपालले वेस्ट इन्डिजलाई हरायो भने वेस्ट इन्डिज ४ अंकमै रोकिनेछ। त्यसपछि वेस्ट इन्डिजले इटालीलाई हराएमा वेस्ट इन्डिजको ६ अंक हुनेछ र इटाली ४ अंक वा सोभन्दा कममा रोकिनेछ।
यदि नेपालले दुवै खेल जित्यो र वेस्ट इन्डिजले इटालीलाई हरायो भने वेस्ट इन्डिज ६ अंकका साथ अघि बढ्ने सम्भावना रहन्छ। बाँकी एक स्थानका लागि नेपाल, इंग्ल्यान्ड, स्कटल्यान्ड वा इटालीबीच ४ अंकमा बराबरी हुन सक्छ।
४ अंकमा बराबरी भएको खण्डमा निर्णय नेट रन रेटका आधारमा हुनेछ। हाल नेपालको रन रेट (१.८५४) निकै कमजोर भएकोले नेपालले आफ्ना दुवै खेल ठूलो अन्तरले जित्नुपर्छ र अन्य खेलहरूमा प्रतिस्पर्धी टोलीहरू भारी अन्तरले पराजित भएको खण्डमा मात्र नेपालको सम्भावना हुन्छ ।
नेपालले आफ्ना दुई खेल जितेर मात्र पुग्दैन उसले इंग्ल्यान्ड, स्कटल्यान्ड र इटालीले एकापसमा अंक बाँडेको र वेस्ट इन्डिजले इटालीलाई हराएको नतिजाको प्रतिक्षा गर्नुपर्ने हुन्छ ताकि नेट रन रेटमा नेपाल अगाडि आउन सकोस्।
समूह चरणमा टोलीको अंक बराबरी भएको खण्डमा सुपर ८ छनोटका लागि सबैभन्दा पहिले टोलीले प्राप्त गरेको जम्मा अंक हेरिन्छ। यदि अंक बराबर भएमा कुन टोलीले धेरै खेल जितेको छ भन्ने कुरा हेरिन्छ। जित संख्या पनि बराबर भएमा नेट रन रेटको आधारमा फैसला गरिन्छ ।

हालको अंक तालिकाको अवस्था
हेर्दा नेपालले अत्यन्तै फराकिलो अन्तरले जित्नुपर्ने देखिन्छ। नेपालको नेट रन रेट -१.८५४ छ, जुन समूह 'सी' मा सबैभन्दा कम हो। तुलनात्मक रूपमा, नेपालभन्दा माथि रहेका इंग्ल्यान्डको -०.६५० र इटालीको -०.३५२ छ।
नेपालले इटाली वा इंग्ल्यान्डसँग अंक बराबरी गरेको खण्डमा उनीहरूलाई उछिन्नका लागि आफ्नो रन रेटमा करिब १.२० देखि १.५० सम्मको सुधार गर्नुपर्ने हुन्छ। यदि दोस्रो स्थानमा रहेको स्कटल्यान्ड (०.९५०) सँग प्रतिस्पर्धा गर्ने हो भने यो अन्तर अझै धेरै (करिब २.८०) हुनेछ। यति ठूलो रन रेटको खाडल पुर्नका लागि नेपालले आफ्ना बाँकी दुई खेल (वेस्ट इन्डिज र स्कटल्यान्ड विरुद्ध) मा केवल जित मात्र निकालेर पुग्दैन पहिले ब्याटिङ गरेमा विपक्षी टोलीलाई ८०-१०० वा सोभन्दा बढी रनको ठूलो अन्तरले हराउनुपर्ने हुन्छ। दोस्रो ब्याटिङ गरेमा विपक्षीले दिएको लक्ष्य धेरै ओभर बाँकी छँदै (जस्तै १०-१२ ओभरमा) पूरा गर्नुपर्ने हुन्छ। यसका साथै नेपालको सम्भावना बलियो हुनका लागि अन्य टोलीहरू (विशेष गरी स्कटल्यान्ड र इटाली) आफ्ना बाँकी खेलहरूमा भारी अन्तरले पराजित हुनुपर्नेछ, जसले उनीहरूको नेट रन रेट घटाउन मद्दत पुगोस्। उल्लेखित समीकरण पूरा हुने सम्भावना कमै छ। त्यसैले नेपाल सुपर ८ पुग्न सम्भावना हिसाबले मात्र सम्भव भएको देखिन्छ वास्तविक अर्थमा हालका लागि भने देखिदैन।

# झापामा शिव पार्वती प्रणय दिवस

झापा । दमक ५ स्थित धनेश्वर शिव मन्दिर परिसरमा शनिवार शिवपार्वती प्रणय दिवस भव्य रुपमा सम्पन्न भएको छ । अर्वाचीन पुराण समाज,इटहरी, सुनसरीको आयोजनामा शिवपार्वती प्रतिबिम्बका एक दम्पतिलाई शिवपार्वतीको स्वरुपमा सजाएर उक्त कार्यक्रम सम्पन्न भएको थियो । संस्कृतिविद् प्रा.डा. बद्रीविशाल पोखरेलले पूर्वीय प्रेम र प्रणय विश्व र मानव सभ्यताकै एक आदर्श र अनुकरणीय प्रेम तथा प्रणय दिवस रहेको कुरा उल्लेख गरे । यस दृष्टिले हेर्दा र अध्ययन गर्दा प्रेमको बहुआयाम,सर्व व्यापकता तथा गहनता वैदिक सनातन हिन्दु ,किराँत एवम् मुन्धुममा मात्र पाइने कुरा रहेको डा. पोखरेलले बताए। शिव किराँतेश्वर र पार्वती खस आर्य पहिचानका भएकाले यिनका बीचको प्रणय धार्मिक सांस्कृतिक जात र जातीय ऐकत्वको महत्वको विषयलाई बिर्सनु आफू र आफ्नो राष्ट्रिय गौरवशाली पहिचानलाई नामेट पार्न खोज्नु हो, डा. पोखरेलले भने । अन्तर्जातीय सङ्घुलन गर्ने मात्र होइन तमाम नेपाली बीच जैविक एकता कायम गर्ने गौरवशाली धरोहरलाई बेवास्ता गर्दा सबै खालका असहिष्णुता र असमझदारी चरम रुपमा विकसित हुन गएको विषयमा डा. पोखरेलले विशेष जोड दिए । अर्वाचीन पुराण समाज,इटहरीकी अध्यक्ष मिथिला पोखरेलले यस्ता गम्भीर विषयमा जननेता मदन भण्डारीले जबजमा विशेष जोड दिए पनि उनैका नाममा खोलिएका प्रतिष्ठानहरुले यस्ता विषयमा सिन्को पनि नभाँचेको बताइन् । कार्यक्रममा डा. पोखरेल र मिथिला पोखरेल दम्पति नै शिव र पार्वती भेषभूषमा सजिएका थिए । कार्यक्रममा समाजसेवी तथा राजनीतिक व्यक्तित्व रोमनाथ ओली, अग्रज व्यक्तित्व कमल दाहाल, पत्रकार भूमिराज पराजुली, बुद्धिजीवी,जीवन हरि शर्मा, मन्दिरका अध्यक्ष रुद्र कार्की सचिव एकराज के.सी, शिवराज घिमिरे, कवि झाँक्रीखोले,युवा कवि वीरेन्द्र खड्का,खड्गबहादुर खड्का,डा. गोपाल भण्डारी,डा. उत्तम भट्टराई आदिले कार्यक्रमको औचित्य, आवश्यकता तथा सान्दर्भिकताबारे मन्तव्य व्यक्त गरेका थिए । पूर्वीय प्रणयको महान् महत्व,शिव पार्वतीको महानतम अस्तित्व अङ्कित व्यानर सजाइएको थियो । डा. पोखरेलले शिष्ट शालीन प्रेम र प्रणयमूलक रोचक कविता र मुक्तक वाचन गरेका थिए ।

## शिवरात्रिमा...

लागि तोकिएको कक्षमा जुत्ताचप्पल (दर्शन मार्ग अनुसार छुट्टाछुट्टै स्थानमा जुत्ताचप्पल कक्षको व्यवस्था) राखेर मात्र मन्दिर प्रवेश गर्न, पशुपतिनाथको दर्शन गरिसकेपछि छिटोभन्दा छिटो मन्दिर परिसर बाहिर निस्किएर घुइँचो हुन नदिनका लागि आवश्यक सहयोग र समन्वय गर्न पनि अनुरोध गरेको छ ।

पशुपतिनाथ मन्दिर प्राङ्गणमा सबै प्रकारका मोबाइल फोन, क्यामेरालगायत सामग्रीको प्रयोग निषेध गरिएको तथा छालाका सामान, जुत्ताचप्पल, ज्याकेट, कम्मर पेटी लगाएर मन्दिरमा प्रवेश निषेध भएकाले त्यस्ता सामान तोकिएको सुरक्षित स्थानमा राखेर मात्र दर्शन गर्न पनि भनिएको छ।
प्रहरीले पाकेटमारादेखि सावधान रहन र आफ्नो सामानको सुरक्षा आफैं गर्न, कुनै पनि तीर्थयात्री अस्वस्थ भएमा स्वास्थ्य शिविरमा सम्पर्क राख्न, कुनै सामान वा व्यक्ति हराएमा वा कुनै समस्या आइपरेमा तुरुन्त प्रहरी शिविर वा खोजखबर कक्षमा सम्पर्क राख्न पनि अनुरोध गरेको छ ।

मन्दिर र मेला क्षेत्रलाई स्वच्छ र सफा राख्न जथाभावी फोहोर नगर्न, निर्दिष्ट स्थानमा रहेका शौचालयको प्रयोग गर्न, शारीरिक रूपमा अशक्त, जेष्ठ नागरिकलाई सहज दर्शनका लागि सहयोग गर्न, मन्दिर दर्शनका लागि कुनै प्रकारको विशेष टिकट वा पासको व्यवस्था नगरिएकाले पङ्क्तिबद्ध भएर दर्शन गर्न तथा पङ्क्तिबाट दर्शन गर्दासमेत अरूको अधिकारको हनन हुने व्यवहार नगर्न अनुरोध गरिएको प्रहरी उपरीक्षक भट्टराईले जानकारी दिए।

## बिर्सन...

सन्तुष्टि प्रदान गर्छन्। हामी माइकको ७० वर्षको बर्थडे मनाउन इटाली गएका थियौँ। त्यही आकस्मिक उसको मृत्यु भयो। उसको अप्रत्यासित मृत्युले मलाई धेरै पीडा दियो। उसको मृत्युपछि मलाई डिप्रेसन भएको थियो। तर माइकको मृत्युपछिको मेरो बर्थडेमा एन्ड्रियाले मलाई लक्कीसँग भेट गराइदिइन्।
एक्लै भएपछि विरक्तिएको मैले लक्की माइक भएर आएको महसुस गरें। उसको साथले मलाई पुनर्जन्म पाएँ झैं भयो। एन्ड्रियाको सहयोगमा वर्षदिन पछि मैले डिप्रेसनबाट मुक्ति पाएँ। उसले वर्णन गरेको लक्की उसको काखमा बसिरहन्छ। वर्ल्डमा पाइने सबभन्दा सानो (यककक्सर) कुकुरको जातमा पर्ने लक्की चार वर्ष अनि ४.५ पाउण्डको छ। लक्की यति सानो छ कि उसलाई सोफामा चढ्नको लागि क्यानको हातको सहायता चाहिन्छ। सानो भएको कारण उफ्रिएर सोफामा चढ्न नसके पनि ओर्लिन भने सक्छ।
एन्ड्र्याको बारेमा उनले भनेका थिए। म काममा जाने क्रममा एन्ड्र्यासँग भेट भयो। एउटै बसमा, एउटै समयमा चढ्ने हामीहरूबीच बिस्तारै बोलचान सुरू भयो। विपरीत लिङ्गप्रति आकर्षण बढ्नु प्राकृतिक नियम हो। छोटो समयमा हामी एकअर्काप्रति आकर्षित भयौँ। उनको घरमा लेनलाइन फोन थियो। म सार्वजनिक टेलिफोन बोथबाट उनलाई फोन गर्थें। अरू दिन उनी स्कुल जान्थिन्। म काममा जान्थेँ। शनिबार, आइतबार छुट्टीको दिन फुर्सद मिल्नासाथ हामी भेटघाट गर्थ्यौं।
हाम्रो भेट भएको एक वर्षपछि उनीहरू घर बेचेर अमेरिका गए। त्यो बेलामा अहिलेको जस्तो मोबाइल फोन, इन्टरनेटको सुविधा थिएन। उनलाई भेट्न बेचैन भए पनि भेट्ने कुनै उपाय थिएन। मैले उनीसँग सम्पर्क गर्न नसके पनि उनलाई बिर्सिएर अर्को कसैलाई आफ्नो प्रेमिका बनाउन सकिनँ। त्यसैले मैले विवाह गरिनँ। मेरो र एन्ड्रियाको प्रेमको बारेमा जानकार माइकले 'तँ विवाह नगर्ने भए म पनि विवाह गर्दिनँ' भन्यो। म प्रतिको त्यही त्यागका कारण माइकको मृत्युले मलाई मानसिक कष्ट दियो।

आफ्नो आमाको मृत्युलाई सहज रूपमा लिएको मैले माइकको मृत्युलाई सहज रूपमा लिन नसक्नुको मुख्य कारण त्यही थियो। जब एन्ड्रियासँग भेट भयो तब माइकले मलाई एन्ड्रियालाई घर ल्याऊ, सँगै बस भनेको थियो। तर त्यो बेला धेरै ढिला भइसकेको थियो। त्यतिबेला माइकको गर्लफ्रेन्ड बितिसकेकी थिई। मेरो लागि विवाह नगरेको ऊ एक्लै भएपछि म कसरी एन्ड्रियासँग बस्न सक्थेँ? उसलाई सम्झँदा अहिले पनि नरमाइलो लाग्छ। प्रेमको मतलब दुई जना एउटै घरमा बस्नु मात्रै होइन। प्रेम गर्नेलाई एउटै घरमा बस्नुपर्छ भन्ने छैन। प्रेममा समर्पण चाहिन्छ। प्रेममा समर्पित हुन सक्नुपर्छ। त्यसैले म उसको कुरामा सहमत भइनँ।
कुराकानीका क्रममा मैले उनलाई सोधेँ, 'उमेरले डाँडो काटिसकेपछि एन्ड्रियासँग कसरी भेट भयो?' जवाफमा उनले अमेरिकामा विवाह गरेकी एन्ड्रियाको श्रीमानलाई क्यान्सर भएछ। लोग्नेको मृत्युपछि त्यहाँ एक्लै बस्न मन नलागेर उनी आफू हुर्किएको ठाउँ सम्झेर यहाँ आइछन्। नजिकै अपार्टमेन्टमा कोठा लिएर बसेकी उनीसँग बाटोमा हिँड्दा हिँड्दै एकदिन अकस्मात भेट भयो। वर्षौंपछि भेट भएका हामी एकअर्कालाई हेरेको हेरै भयौं। एन्ड्रयाले, 'मैले तिमीलाई भुल्न सकेको थिइनँ। तिम्रो यादले सताइरहेको थियो। तिमीसँग भेट हुने आशा मरिसकेककक थियो। नभेटी मर्छु होला? भन्नेमा पुगेकी थिएँ। तर यो उमेरमा भए पनि भेट भयो।' भनिन्।विगतमा हराइरहेकी मलाई मोबाइलले बिउँझायो।
मोबाइलको नोटिफिकेसनले मेरो ब्रेकको समय सकिन लागेको संकेत दिएर मेरो एकाग्रता भङ्ग गर्यो। धन्य मोबाइल भन्दै बाँकी भएको खाजा एक गाँसमा खाएँ। कफीलाई एक घुड्कीमा सिध्याएँ। हतार हतार गर्दै ज्याकेट लगाएर डस्टबिनमा कप र पेपर फ्यालेर टोपी, गलबन्दी लगाएर त्यहाँबाट फटाफट बाहिर निस्कैं।
सेतोपाटीबाट


## सुपर काइनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

- **मेष** — भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर
- **वृष** — भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ
- **मिथुन** — रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।
- **कर्कट** — मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ
- **सिंह** — दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।
- **कन्या** — आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति
- **तुला** — सामान हराउने वा चोरी हुने सम्भावना छ ।
- **वृश्चिक** — दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।
- **धनु** — आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।
- **मकर** — आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि
- **कुम्भ** — कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।
- **मिन** — सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ